सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२० चैत २०८१, बुधबार (2 Apr 2025, Wednesday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक ३४६ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

आजबाट फेरि काठमाडौंकेन्द्रित आन्दोलनमा शिक्षकहरू

कम्तीमा ५० हजार शिक्षक सहभागी हुने दाबी



शिक्षक महासंघका अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले विगतका सबै सहमति समेट्ने गरी विद्यालय शिक्षा ऐन जारी गर्न दबाब दिन काठमाडौंकेन्द्रित सडक आन्दोलन गर्नुपरेको बताए।

(विस्तृत पृष्ठ ३)

पारस्परिक भन्सार शुल्क घोषणा गर्दै ट्रम्प



ट्रम्पले पारस्परिक भन्सार कर लागू हुने दिनलाई अमेरिकाको 'मुक्ति दिवस'को संज्ञा दिएका छन्

■ विश्वव्यापी व्यापार युद्धको जोखिम

(विस्तृत पृष्ठ ५)

एमसिसीको २९७ किमि प्रसारणलाइन बनाउन नौ कम्पनीको प्रस्ताव

लागत अनुमानभन्दा एक करोड ३९ लाख डलर कम देखियो न्यूनतम वित्तीय प्रस्ताव



एमसिसीले अनुदानलाई निरन्तरता दिने या नदिने विषयमा २८ अप्रिल अर्थात् १५ वैशाखमा जानकारी दिने, अनुदान निरन्तरता नदिएमा आफ्नै बजेटमा परियोजना बनाउने नेपाल सरकारको योजना

(विस्तृत पृष्ठ ६)

■ सहकारी ठगीमा संलग्न दुई फरार सांसद

संविधानतः सांसदबाटै बर्खास्त हुनुपर्ने कांग्रेसकी राई र राप्रपाकी बस्नेतको पद जोगाउन चलखेल

■ लेखा समितिका पूर्वसचिव सोमबहादुर थापा भन्छन्-

अस्पतालमा बसेको छैन भने सदन आउनयोग्य मान्नुपर्छ



मान्छे आपराधिक गतिविधि वा गैरकानुनी काममा संलग्न नभई फरार हुँदैनन्। बिरामीको निवेदन अस्पतालमा बसेको हो कि होइन, अस्पतालले प्रमाणित गरेको छ वा छैन भनेर हेर्नुपर्छ। अस्पतालमा बसेको छैन भने ऊ सदनको कामकारबाहीमा आउनयोग्य मान्नुपर्छ। तर, यहाँ परम्परागत सोच राखिन्छ। संसद्को पनि चाला त्यही हो। कानुन बनाउने व्यवस्थापिकाले सुशासनमा ख्याल गरेको देखिँदैन। हाकाहाकी ढाँटेको छ। कानुन बनाउने निकायबाटै कानुन हातमा लिने काम भइरहेको छ।

कमलराज भट्ट, नवराज मैनाली

संविधान र प्रतिनिधिसभा नियमावली अनुसार कुनै सांसद १० दिनभन्दा लामो बिदा बस्नुपरे सभामुखलाई अग्रिम सूचना दिनुपर्छ। नत्र पद नै खारेज हुन्छ। तर, सहकारी ठगीमा संलग्न देखिएपछि फरार कांग्रेस सांसद माया राई र राप्रपा सांसद गीता बस्नेत १० दिन होइन, सदनको सिंगो अधिवेशनमै अनुपस्थित छन्। तर, उनीहरूको पद जोगाउन सभामुख देवराज घिमिरे नै सक्रिय बनेका छन्।



माया राई, सांसद, कांग्रेस



गीता बस्नेत, सांसद, राप्रपा

सांसद राई र बस्नेतको पद जोगाउन संसद् सचिवालयमा चलखेल सुरु भएको छ। सूचनाविनै प्रतिनिधिसभाका हिउँदे अधिवेशनभर (२७ बैठकमा) अनुपस्थित फरार सांसद बस्नेतलाई 'बिरामी' भन्दै बिदा नै स्वीकृत गरिएको छ। त्यस्तै, राईको अधिवेशन अन्त्यको अघिल्लो दिन निवेदन परेको कांग्रेसको दाबी छ, तर संसद्

» पृष्ठ २ मा क्रमशः

■ ठगीमा फरार सांसदको पद जोगाउन सभामुखदेखि सिंगो संसद्को साथ

संविधानको धारा ८९ (घ) अनुसार सदनलाई अग्रिम सूचना नदिई लगातार १० बैठकमा अनुपस्थित सांसदको पद रिक्त हुन्छ। सहकारी ठगी गरेर फरार कांग्रेस सांसद माया राई र राप्रपाकी गीता बस्नेत १० दिन होइन, सदनको पूरै अधिवेशनभर अनुपस्थित भए। तर, पद जोगाइँदै छ।

सहकारी ठगीमा राप्रपा सांसद गीता बस्नेत झन्डै एक वर्षदेखि र कांग्रेस सांसद माया राई साढे ६ महिनादेखि फरार छन्। तर, उनीहरूको सांसद पद जोगाउन सभामुख देवराज घिमिरेदेखि सिंगो संसद्ले नै साथ दिएको छ। काठमाडौंको कालीमाटीस्थित स्वर्णलक्ष्मी सहकारीको दुईपटकसम्म सञ्चालक रहेर दुई अर्ब ६५ करोड बचत रकम हिनामिना गरेको आरोपमा कांग्रेस सांसद माया राई गत ५ असोजदेखि संसद्मा उपस्थित छैनन्। उनी सूचनाविनै प्रतिनिधिसभाका २७ बैठकमा अनुपस्थित रहिन्। संविधानको धारा ८९ (घ) मा सदनलाई सूचना नदिई लगातार १० वटा बैठकमा अनुपस्थित रहे सांसद पद रिक्त हुने व्यवस्था छ। प्रतिनिधिसभा नियमावलीको नियम २१३ मा अस्वस्थ वा काबुबाहिरको परिस्थितिमा लगातार १० वटा बैठकमा अनुपस्थित रहनुपर्ने भएमा अग्रिम सूचना सभामुखमार्फत सदनलाई दिनुपर्ने व्यवस्था छ। त्यस्तो सूचना सभामुखले सभाको स्वीकृतिका लागि प्रस्तुत गर्नुपर्ने र सभाले स्वीकृत गर्नुपर्ने भनिएको छ। तर, फरार राईले संसद् सचिवालयमा अग्रिम सूचना दिइनन्। बरु कांग्रेस संसदीय दलले राईको पद जोगाउन हतार-हतार सोमबार सभामुख देवराज घिमिरेको सचिवालयमा बिदाको निवेदन दियो। अधिवेशनको अन्तिम दिन मंगलबार प्रतिनिधिसभा बैठकमा सभामुख घिमिरेले १० बैठकमा अनुपस्थित सात सांसदको बिदाको सूचना सुनाउँदा पनि राईको सूचना प्रस्तुत गरेनन्।

कांग्रेस प्रमुख सचेतक श्याम घिमिरेले भने सांसद राईले दुई-चार दिनअघि नै सभामुखलाई बिदाको सूचना दिएको दाबी गरेका छन्। तर, त्यसलाई सभामुख घिमिरेले नै खण्डन गरेका छन्। 'सभामुखले सभामा बिदाको सूचना प्रस्तुत गर्दा कसरी छुटाउनुभयो, थाहा भएन। तर, उहाँ (राई) ले साथीभाइमार्फत दुई-चार दिनअगाडि नै निवेदन दिनुभएको हो। बिदाको कारण सभामुखलाई थाहा भएन कि!' उनेको दाबी छ। सभामुख घिमिरेले भने राईको बिदाको निवेदनबारे जानकारी नभएको बताए। 'माया राईको बिदाको निवेदनबारे मलाई थाहा छैन। उहाँ (कांग्रेस प्रमुख सचेतक)ले दिएको भन्नुभएको रहेछ भने थप बुझ्नुपर्छ।'

त्यस्तै, २७ दिन बसेको प्रतिनिधिसभा बैठकमा एक दिन पनि उपस्थित नभएकी राप्रपा सांसद गीता बस्नेतलाई भने 'बिरामी बनाई' स्वास्थ्य उपचारमा रहेको कारण देखाएर दिएको अनुपस्थितिको सूचनालाई प्रतिनिधिसभाले अधिवेशनको अन्तिम दिन मंगलबार सर्वसम्मत स्वीकृत गरेको छ। नवलपुरको कावासोतीमा रहेको छिपछिपे उपभोक्ता सहकारीको १६ करोड ६९ लाख अपचलन आरोपमा उनीविरुद्ध गत वैशाखमा पत्राउ पुर्जी जारी भएको थियो। फरार उनी संसद्मा कहिल्यै उपस्थित भइनन्।

■ रविलाई भने सभामुखले फास्ट ट्र्याकमा गरेका थिए निलम्बन

निलम्बन 'रिभ्यु' गर्न रविको माग

सहकारीकै रकम अपचलनमा मुछिएका रास्वपा सभापति रवि लामिछानेको हकमा भने सभामुख देवराज घिमिरेले 'फास्ट ट्र्याक'मा सांसद पद निलम्बन गरेका थिए। मंगलबारै उनले आफ्नो निलम्बन फुकुवा गर्न सभामुख घिमिरेसँग पुनः आग्रह गरेका छन्। तर, घिमिरेले निलम्बन आफूले नभई कानुनले गरेको र सूचना मात्रै टाँसेको जवाफ दिएका छन्।

लामिछानेले मंगलबार सिंहदरबारमा सभामुख घिमिरेलाई भेटेर प्रतिशोधपूर्ण निलम्बन फुकुवा गर्न आग्रह गरेका थिए। तर, सभामुख घिमिरेले प्रतिनिधिसभा नियमावलीभन्दा अन्य कानुनले निलम्बन गरेकाले आफूले फुकुवा गर्न नमिल्ने जवाफ दिए। अन्य कानुनले भएको निलम्बन फुकुवा गर्दा अदालतको अवहेलना हुने उनको भनाइ थियो।



सरकारले सम्पत्ति शुद्धीकरणको मुद्दा दर्ता गरेर दफा २७ अनुसार निलम्बन गर्न सिफारिस गरेपछि संसद् सचिवालयले ८ पुसमा 'दफा २७ (मुद्दा किनारा नभएसम्म कर्मचारी, पदाधिकारी, राष्ट्रसेवक स्वतः निलम्बन हुने) अनुसार' नै निलम्बन गरेको थियो। कानुनको गलत व्याख्या गरेर निलम्बन गरिएको भन्दै लामिछानेले फुकुवा गर्न १८ माघमा सभामुख घिमिरेलाई निवेदन दिएका थिए। त्यसमा पनि केही निर्णय भएको छैन।

सहकारी ठगीमा कांग्रेस सांसद माया राई र राप्रपा सांसद गीता बस्नेतलाई महिनौंसम्म पत्राउ नगरेको सरकारले

» पृष्ठ २ मा क्रमशः

हिउँदे अधिवेशनमा बने नौ कानुन

लक्ष्यअनुसार कानुन बनाउन नसकेको सत्तापक्षको स्वीकारोक्ति

नयाँ पत्रिका

संघीय संसद्को हिउँदे अधिवेशनमा नौवटा कानुन बनेका छन्। संसद् सचिवालयका अनुसार १८ माघबाट प्रारम्भ भएर ६१ दिनसम्म चलेको अधिवेशनले पाँचवटा अध्यादेश प्रतिस्थापन विधेयक र चारवटा नियमित विधेयक पारित गरेर नौवटा ऐन बनाएको हो। मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले हिउँदे अधिवेशन मंगलबार राति १२ बजेदेखि अन्त्य गरेका छन्।

हिउँदे अधिवेशनमा पारित भएका पाँचवटा प्रतिस्थापन विधेयकमा सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, आर्थिक तथा व्यावसायिक वातावरण

» पृष्ठ २ मा क्रमशः

महत्त्वपूर्ण नै विधेयक बाँकी रहे

● **देवराज घिमिरे**, सभामुख



कानुन निर्माणको हिसाबले अहिलेसम्म ठिकै देखेको छु। महत्त्वपूर्ण नै विधेयक बाँकी रहे। पारित भएकालाई पनि ठिकै देखेको छु। जनसरोकारको विषयमा सदनको भूमिका मध्यम खालकै छ। आगामी अधिवेशनलाई अझै प्रभावकारी बनाएर जानुपर्छ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

एक रुपैयाँमा पनि बिकेन बन्दा

प्रतिकेजी पाँच रुपैयाँ लागत परेको बन्दा एक रुपैयाँमा पनि नबिकेपछि त्रिशूलीमा फाल्न किसान बाध्य



■ **बजार मूल्य नपाएपछि त्रिशूलीमा फाल्न बन्दा काट्दै गरेका धादिङको गजुरी गाउँपालिका- ५ गजुरीका मथुरा श्रेष्ठले भने-**

फलेको बन्दा काटेर त्रिशूलीमा फालेर चैते धान रोपेको छु। धानमा पानी लगाउन खेतमा आउँदा काटेर फालेको बन्दाको थुप्रो देख्दा मन भक्कानिन्छ, आँसु झर्छ। एक रुपैयाँ किलोमा पनि बिक्दैन। कृषिप्रधान देशमा किसान सधैं मरिरहनुपरेको छ। किसानलाई सरकारले नै हेरेन। हामीलाई मारेको त सरकारले नै हो।



त्रिशूली किनारमा किसानले काटेर फालेको बन्दाको थुप्रो

धादिङमा **अर्जुन श्रेष्ठ**

देशकै लाइफलाइन मानिने पृथ्वी राजमार्ग र छेवैको त्रिशूली नदी किनारआसपासका खेतका केही गराहरूमा टन्न बन्दा छ, केहीमा बन्दा हटाएर भर्खरै चैते धान रोपिएको छ। धान रोपिएका गराका बन्दाले बजार पाएर उठाइएको होइन, मूल्य नपाएपछि फाँडेर त्रिशूली नदीमा मिल्काउन किसान बाध्य भएका हुन्। मूल्य नपाएका किसानले मिल्काएको सयौं टन बन्दा खेतछेउदेखि त्रिशूली किनारसम्म देखिन्छ।

किसानको उत्पादनको जिम्मा राज्यले कहिल्यै लिँदैन, बिचौलियाको हातमा हुन्छ। बिचौलियाले मूल्य नदिए किसानले पुर्पुरोमा हात राख्नुको विकल्प छैन। लगानी र श्रम बित्थैमा खेर फाल्न बाध्य किसान भन्छन्- 'ट्याक्टर, मल र बिउमै प्रतिकेजी पाँच रुपैयाँ लागत पऱ्यो, तर एक रुपैयाँमा पनि बिकेन। किसान सधैं मरिरहने हो सरकार ?

धादिङको गजुरी गाउँपालिका- ५, गजुरीका हरिशरण धितालले सात रोपनी जग्गामा बन्दा

» पृष्ठ २ मा क्रमशः

धुवाँले ढाक्यो काठमाडौंको आकाश, हावा निकै अस्वस्थकर

■ **सोमबार र मंगलबार लगातार काठमाडौं विश्वकै प्रदूषित सहर**



यम बम/नयाँ पत्रिका

अस्वस्थकर हावा कायमै रहेका वेला वनजंगलमा लागेको डढेलोको धुवाँसमेत आएर काठमाडौं उपत्यकाको आकाश ढाकेपछि वायु प्रदूषण उच्च भएको छ। धुलोधुवाँका कारण सोमबार र मंगलबार काठमाडौं विश्वकै सबैभन्दा धेरै प्रदूषित सहरको सूचीमा पऱ्यो। धुलोधुवाँ तल्लो वायुमण्डलमा तैरिएर बस्दा आँखा पोल्ने, घाँटी खसखसाउने र नाकबाट सिँगान बग्ने समस्या बढ्दै गएको चिकित्सकहरूले बताएका छन्।

काठमाडौंको हावामा मंगलबार साँझ औसतमा एयर क्वालिटी इन्डेक्स (एक्युआई) रौंभन्दा तीन गुणा मसिना धुलोधुवाँका कण प्रतिघण्टा २२५ माइक्रोग्राम प्रतिघनमिटर मापन भएको छ। यो सूचकांक

» पृष्ठ २ मा क्रमशः

बिहान प्रदूषण धेरै छ, मर्निङवाक नजाँदा राम्रो

बालबालिकामा निमोनिया निम्त्याउन सक्छ, खोप अभियान चलाउनु उपयुक्त



● **डा. राजु पंगेनी**, वरिष्ठ छातीरोग विशेषज्ञ

प्रदूषित हावामा रौंभन्दा तीन गुणा स-साना धुलोका कण हुन्छन्। यसबाहेक नाइट्रोजन अक्साइड, कार्बन मनोअक्साइड, सल्फरडाइअक्साइड र नाइट्रेड सल्फेट रसायन पनि मिसिएको हुन्छ। कार्बन मनोअक्साइडले शरीरमा अक्सिजनको मात्रा घटाइदिन्छ। प्रदूषणले साधारण रुघाखोकीदेखि दमसम्मको जोखिम हुन्छ। मान्छेको आयु नै घटाउँछ। प्रदूषित कण श्वासप्रश्वासको माध्यमबाट फोक्सोसम्म पुग्ने जोखिम हुन्छ। नाकदेखि फोक्सोको श्वासनलीलाई असर गर्छ। घाँटी खसखस हुने, छाती पोल्ने, कालो र खैरो रंगको खकार आउने हुन्छ। प्रदूषणका कण फोक्सोमा पुगेपछि दम, निमोनिया हुन्छ। दम बल्झेर आइसियूसम्म पुग्नुपर्ने हुन सक्छ। प्रदूषणका कण फोक्सोबाट पनि छिरेर शरीरको विभिन्न अंगमा जान सक्छन्। यसले मुटुको समस्या, पक्षघात हुने हुन्छ। फोक्सोको समस्या देखिएकालाई क्यान्सरको जोखिम हुन्छ। बालबालिकालाई फोक्सोसम्बन्धी समस्या र निमोनिया हुन सक्छ। बच्चा, रोगप्रतिरोधात्मक क्षमता कमजोर तथा दीर्घरोग भएकालाई किड्नी, फोक्सोमा समस्या गर्छ। थप प्रदूषण निम्त्याउन नदिन बाहिर आगो नबाल्ने, फोहोर नजलाउने र धेरै धुवाँ फ्याँक्ने गाडी चलाउन रोक्नुपर्छ।

बिहान चिसोका कारण प्रदूषणका कण सतहमा हुन्छन्। रसायन र धुलोधुवाँका कण नाकमुखबाट सोझै श्वासनलीमा जाने भएकाले प्रदूषण उच्च भएका वेला मर्निङवाक वा अन्य कामका लागि सकेसम्म घरबाहिर ननिस्कनु उचित हुन्छ। त्यस्तै, वायु प्रदूषणले घाँटी घ्यारघ्यार गराउने, बालबालिकामा निमोनिया निम्त्याउने, अक्सिजनको मात्रा कम हुनेजस्ता समस्या गराउँछ। प्रदूषण उच्च भएको क्षेत्र र याममा सरकारले कोभिड- १९ का वेलाजस्तै बालबालिकामा खोप अभियान चलाउन उपयुक्त हुन्छ।

प्रधानमन्त्री ओली बैंककमा

आज उच्चस्तरीय वार्ता



नयाँ पत्रिका

थाइल्यान्डको औपचारिक भ्रमण र बहुपक्षीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडी प्रयास (बिमस्टेक) को छैटौं शिखर सम्मेलनमा सहभागी हुन प्रधानमन्त्री केपी ओली मंगलबार बैंकक पुगेका छन्। थाई समकक्षीको निमन्त्रणामा नेपालका प्रधानमन्त्रीबाट पहिलोपटक थाइल्यान्डको औपचारिक भ्रमण भएको हो।

प्रधानमन्त्री ओलीलाई सुवर्णभूमि अन्तर्राष्ट्रिय विमानस्थलको विशिष्ट कक्षमा थाइल्यान्डका उपप्रधानमन्त्री एवं

» पृष्ठ २ मा क्रमशः

हिउँदे अधिवेशन...

पृष्ठ १ बाट क्रमशः

सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, निजीकरण (पहिलो संशोधन) विधेयक, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक र सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक छन् । यसैगरी, नियमिततर्फ भ्रष्टाचार निवारण (पहिलो संशोधन) विधेयक, विधायनसम्बन्धी विधेयक, विद्युतीय व्यापार विधेयक र सुरक्षित कारोबार (पहिलो संशोधन) विधेयक छन् ।

संसद् सचिवालयका प्रवक्ता एकराम गिरीका अनुसार नौवटा ऐन बनाएको संसद्मा हाल २८ वटा विधेयक विचाराधीन छन् । प्रतिनिधिसभामा २५ वटा र राष्ट्रिय सभामा तीन विधेयक छन् । प्रतिनिधिसभाका समितिमा १५ र राष्ट्रिय सभाको विधायन समितिमा दुई विधेयक छन् । प्रतिनिधिसभाको कानुन समितिमा एक, शिक्षा दुई, राज्यव्यवस्था ६, पूर्वाधार दुई, अर्थ तीन र उद्योग समितिमा एउटा विधेयक छन् ।

०७० निर्वाचनपछिको साढे दुई वर्षमा संसद्का पाँच अधिवेशनले कुल २६ वटा कानुन बनाएको प्रवक्ता गिरीले बताए । यो अधिवेशनमा सरकारले ल्याएको भूमि अध्यादेश सत्तापक्षकै असहमतिका कारण निष्क्रिय भएको छ । विधेयक अधिवेशनका रूपमा रहेको हिउँदे अधिवेशनमा संघीयता कार्यान्वयनसम्बन्धी महत्त्वपूर्ण संघीय निजामती र शिक्षा विधेयक पारित गरेर ऐनमा रूपान्तरण गर्ने लक्ष्य लिइए पनि अगाडि बढेन । जसकारण कर्मचारी र शिक्षक आन्दोलित बन्ने अवस्था सिर्जित भएको छ ।

कांग्रेस प्रमुख सचेतक श्याम घिमिरेले लक्ष्यअनुसार विधेयक पारित गर्न नसकिएको बताए । 'हिउँदे अधिवेशनमा जति विधेयक पास गर्छौं भनेका थियौं, त्यति गर्न सकेनौं । धेरै सन्तोष गर्ने ठाउँ छैन,' उनले भने, 'विधि निर्माणको प्रक्रिया पनि सन्तोषजनक भएन । अब नियमावली संशोधन गरेर ६ महिनाभित्र विधेयक पास गर्ने गरी जानुपर्छ ।'

रास्वपा सांसद सोविता गौतमले कानुन निर्माणका केही प्रक्रिया स्वाभाविक रूपमा अगाडि बढे पनि हिउँदे अधिवेशन नियन्त्रणमुखी रहेको बताइन् । 'यो अधिवेशन अत्यन्तै चुनौतीपूर्ण देखियो । कानुन निर्माणका केही प्रक्रिया स्वाभाविक रूपमा अगाडि बढेको महसुस गरिए पनि धेरै विषय नियन्त्रणमुखी ढंगबाट प्रस्तुत भए । हाम्रो पार्टी सभापति रवि लामिछानेमाथिको निलम्बन प्रक्रिया पनि नियन्त्रणमुखी लागेको छ । त्यसकारण संसद्को गएको अधिवेशन अभ्यासका हिसाबले निकै चुनौतीपूर्ण र नियन्त्रणमुखी भएको महसुस गरेका छौं,' उनले भनिन् ।

सभामुख देवराज घिमिरेले कानुन निर्माणको सवालमा अहिलेसम्मका अधिवेशनभन्दा हिउँदे अधिवेशन प्रगतिशील रहेको बताए । 'कानुन निर्माणको हिसाबले अहिलेसम्म ठिकै देखेको छु । अलिक महत्त्वपूर्ण विधेयक बाँकी रहे । पारित भएकालाई पनि ठिकै देखेको छु,' उनले भने, 'जनसरोकारको विषयमा सदनको भूमिका मध्यम खालकै छ ।' अघिल्लोपटक अध्यादेशमार्फत बजेटका सिद्धान्त र प्राथमिकतामा तीन महिनाअगावै संसद्मा छलफल गर्ने कानुनी प्रबन्ध गरिए पनि यसपटक सरकारले अध्यादेशमार्फत नै एक महिनाअघि गर्ने कानुनी व्यवस्था गर्‍यो । अघिल्लोपटक हिउँदे अधिवेशनमा छलफल भए पनि यसपटक प्रिबजेट छलफल बजेट अधिवेशनमै हुने भएको छ ।

एक रुपैयाँमा...

पृष्ठ १ बाट क्रमशः

खेती गरेका थिए । पहिलो लटमा प्रतिकेजी तीन रुपैयाँका दरले थोरै बन्दा बिक्री गरे पनि बाँकी सबै उत्पादन त्रिशूली नदीको किनारमा फालेका छन् । 'सात रोपनी जग्गामा बन्दा खेती गर्दा ६० हजार खर्च भएको छ । यसमा आफ्नो मेहनतको मूल्य त जोडेकै छैन,' उनले भने, 'रात-दिन नभनी खटेर उत्पादन गरेको बन्दा प्रतिकेजी एक रुपैयाँमा पनि बिक्री भएन । दुई-तीन रुपैयाँमा बेच्न पाएको भए पनि मल र बिउको पैसासम्म उठ्थ्यो । नबिकेपछि काटेर त्रिशूलीकिनारमा फालेका छौं ।'

अहिले मूल्य नपाएको बन्दाले पछि पाउन सक्थ्यो । तर, त्यसलाई जोगाउन कोल्डस्टोर चाहिन्छ । उत्पादन भण्डारण गर्ने कोल्डस्टोर नहुँदा बन्दा त्रिशूलीमा फालेर खेतमा धान रोप्न लागेको धितालले बताए ।

सोही ठाउँका अर्का किसान मथुरा श्रेष्ठले पनि बजार पठाउनुपर्ने बन्दा त्रिशूलीमा मिल्काएर खेतमा चैते धान रोपेका छन् । धानमा पानी लगाउन खेतमा आउँदा त्रिशूली किनारमा देखिने बन्दाको थुप्रोले मन भक्कानिने गरेको उनले सुनाए । 'फलेको बन्दा काटेर त्रिशूलीमा फालेर चैते धान रोपेको छु । धानमा पानी लगाउन खेतमा आउँदा काटेर फालेको बन्दाको थुप्रो देख्दा मन भक्कानिन्छ, आँसु झर्छ,' उनले भने, 'केजीको एक रुपैयाँमा पनि बिक्दैन । कृषिप्रधान देशमा किसान सधैँ मरिरहनुपरेको छ ।' रोप्ने वेला मल तथा बिउको अभाव खेप्नुपर्ने र उत्पादनपछि बिक्री नहुने मार भोग्नुपर्ने उनको गुनासो छ । 'न बेलैमा मल, बिउबिजन पाइन्छ । न फलेको कृषि उत्पादन बिक्री हुन्छ । महिनौँ लगाएर रात-दिन नभनी उत्पादन गरेको कृषिउपज खोलामा फाल्नुपरेको छ,' उनले भने, 'किसानलाई सरकारले नै हेरेन । हामीलाई मारेको त सरकारले नै हो ।'

७४ वर्षीय विष्णु श्रेष्ठ प्रतिकेजी पाँच रुपैयाँमा बन्दा बिक्री भएको भए लगानी उठ्ने बताउँछन् । उनले पनि केही बन्दा काटेर फालिसके, केही खेतमै छ । 'मेरो खेतमा २० टनभन्दा धेरै बन्दा होला । माग छैन भनेर व्यापारी आउँदैनन् । आफू लगेर बेच्न सकिँदैन,' उनले भने, 'पाँच रुपैयाँले मात्रै बेच्दा पनि मल, बिउ, ट्याक्टर खर्चलगायत लगानी उठ्थ्यो । तर, मूल्य नपाएपछि केही काटेर फालिसकेँ, केही खेतमै सुक्ने अवस्थामा पुगेको छ । न धान रोप्न पाउनु, न बन्दा बेचेर पैसा कमाउनु भएको छ ।'

७४ वर्षीया गोमा श्रेष्ठ अझै पनि बन्दा बिक्छ कि भन्ने झिनो आशामा छिन् । 'धेरैले काटेर त्रिशूलीमा फालिसके । मेरो आठ रोपनी जग्गामा तरकारी खेती छ । मैले चाहिँ दुई-चार रुपैयाँमा बिक्री हुन्छ कि भनेर खेतमै राखेकी छु । त्यति धेरै दुःख गरेर फलाएको तरकारी काटेर चाहिँ फाल्दिनँ । बरु खेतमै कुहिएर जाओस्,' उनले भनिन् । खेती गर्दा मल र बिउ नपाएको पीडा ताजै रहेको उनी बताउँछिन् । 'बिरुवा जन्माउन, सार्न तथा गोडमेलका लागि पनि थुप्रै खर्च भएको छ । बन्दा हेर्दा खाऊँ-खाऊँजस्तो छ । आफूले खाएर सकिँदैन, व्यापारीले लाँदैनन्,' उनले भनिन्, 'तर, म त्रिशूलीमा फाल्ने सोचमा छैन । केही समय राख्दा दुई-चार रुपैयाँ आए बिउको पैसा तिरौँला, नबिके खेतमै कुहिन्छ ।'

गजुरीका किसानजस्तै धादिङका धेरै ठाउँका किसानले मूल्य नपाएर कृषिजन्य उत्पादन काटेर फालेका छन् । समयमै बिउबिजन तथा मल नपाएर आर्जित भएका किसानलाई कृषिजन्य उत्पादन बिक्री नहुँदा काटेको घाउमा नुनचुकजस्तै बनेको छ । धादिङले संघीय राजधानी काठमाडौंमा ठुलो परिमाणमा तरकारी निर्यात गर्छ । तर, बिचौलियाको हालिमुहाली हुँदा किसानले उत्पादनको उचित मूल्य पाएका छैनन् । उत्पादित तरकारी तथा फलफूल हरेक वर्ष बिक्री-वितरण नभएर काट्ने, फाल्ने, ट्याक्टर लगाउने किसानको नियति दोहोरिरहेको छ । किसानहरू यो समस्या समाधानका लागि तीनै तहको सरकारको ध्यान पुग्ने दिन कुरिरहेका छन् ।

धुवाँले ढाक्यो...

पृष्ठ १ बाट क्रमशः

भक्तपुरमा २३७, रत्नपार्कमा २०९, शंखपार्कमा २०८ र भैँसेपाटीमा १९८ पुगेको वातावरण विभागका वायु गुणस्तर मापन केन्द्रको तथ्यांक छ । एक्युआई १५१ देखि २०० पुग्दा सबै उमेर समूहकालाई अस्वस्थकर र २०१ देखि ३०० पुग्दा निकै अस्वस्थकर मानिन्छ । 'आइक्यू एअर'को तथ्यांक हेर्दा शीर्ष पाँच उच्च प्रदूषित सहरको सूचीमा काठमाडौं पहिलो नम्बरमा हुँदा दोस्रोमा म्यानमारको रंगुन, तेस्रोमा बंगलादेशको ढाका, चौथोमा भियतनामको हनोई र पाँचौंमा चीनको छेन्दु सहर छन् ।

'प्रदूषित हावामा डढेलोको धुवाँ पनि मिसिदा जनस्वास्थ्यमा असर गर्नेगरी प्रदूषण बढेको हो । कार्बनमनोअक्साइड पनि फैलिएको छ,' वातावरण विभागका वातावरण निरीक्षक गोविन्द लामिछानेले भने, 'पोखरादेखि पूर्वी नेपालसम्मका वनजंगलमा धेरै डढेलो छ । चितवन, हेटौंडा र चुरेको जंगलमा लागेको डढेलो काठमाडौंको आकाशमा छ । काठमाडौंका वनजंगलमा पनि बेलाबेला डढेलो लागिरहेको छ ।' लामिछानेले भनेझैं सोमबार १२९ र मंगलबार २४० ठाउँमा डढेलो थियो । चैत-वैशाखमा हावाहुरी चल्ने र सुक्खा धेरै हुने भएकाले डढेलोको 'पिक सिजन' पनि भनिन्छ ।

मौसम पूर्वानुमान महाशाखाका मौसमविद् गोविन्द झाका अनुसार अहिलेको अवस्थामा काठमाडौं वायु प्रदूषण घट्नका लागि वर्षा वा प्रतिघन्टा ३०-३५ नटका दरले हावा चल्नुपर्ने हुन्छ । 'तर तत्काल पानी पर्ने सम्भावना छैन, हावा पनि साँझ बिहान औसतमा प्रतिघन्टा ८ देखि १० नटसम्म मात्र चलिरहेको छ,' मौसमविद् झाले भने, 'दिउँसो भने केही हावा चल्ने भएकाले (१० देखि १५ नटसम्म) त्यसबखत प्रदूषण केही घट्ने गरेको छ ।' प्रतिनट १.८५२ किलोमिटर हुन्छ । झाले भनेझैं हावा चल्दा मंगलबार दिउँसो १२ः४५ मा काठमाडौंको एक्युआई १४३ मा झरेको थितयो । तर, बिहान ७ः४५ बजे २७८ र साँझ ७ः४५ बजे २३५ पुगेको थियो । काठमाडौंमा १३ र १४ मार्चपछि वर्षा भएको छैन । १४ मार्चमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल वर्षा मापन केन्द्रमा १.५ मिलिमिटर वर्षा रेकर्ड भएको छ। त्यसपछि २२ र २३ मार्चमा उपत्यकाका केही ठाउँमा पानीको छिटासम्म परेको थियो ।

देशका अन्य क्षेत्रमा पनि प्रदूषण बढ्यो

काठमाडौं उपत्यकामात्र होइन देशका अन्य क्षेत्रमा पनि प्रदूषण उच्च छ । वातावरण विभागका अनुसार मंगलबार साँझ एक्युआईको मात्रा धनगढीमा १७५, इलाममा १६७ र दाङमा १५२ पुगेको थियो । वायु गुणस्तर मापन केन्द्र देशभर २८ वटा रहे पनि तथ्यांक उपलब्ध छैन ।

वायु प्रदूषण नियन्त्रण विज्ञ भूपेन्द्र दास तराईमा गहुँको छवाली जलाउनुका साथै वनजंगलमा डढेलो लागेकाले उपत्यकाबाहिरका सहरमा पनि प्रदूषण बढेको बताउँछन् । 'खासगरी तराई क्षेत्रमा प्रदूषण धेरै छ, भारतको उत्तरप्रदेश, हरियाणा, पञ्जाव र बिहारमा किसानले गहुँको छवाली जलाउदाको धुँवा पनि आइरहेको छ,' उनले भने, 'सुक्खा मौसम छ, पानी परेको छैन । त्यही भएर पनि प्रदूषण बढेको हो ।'

लिलामी बिक्रीको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/१२/२०

यस सा व उ स बाट संकलित साल गोलिया काठ ६४३.९१ क्यु फिट लिलाम बिक्री गर्नु परेकोले सूचीकृत उद्योगहरूलाई यो २१ दिने सूचना प्रकाशित गरिएको छ ।थप जानकारीको लागि समूहमा सम्पर्क राख्न सकिनेछ ।

बन्दरेडाँडा सा. वन उपभोक्ता समूह, देवघाट २, तनहूँ ।

भवन चाहियो

कलंकी आसपासको क्षेत्रमा १०० शैयाको अस्पताल संचालनको लागि ३ देखि ५ रोपनी जग्गा पार्कीङ सहितको अस्पताल संचालन गर्न मिल्ने सुविधा सम्पन्न भवन आवश्यक परेकोले इच्छुक व्यक्ति वा संस्थाले अस्पताल प्रशासन शाखामा तुरुन्त सम्पर्क राख्नुहुन अनुरोध छ ।

सम्पर्क नं. ९७०९०८४७०२

Road Division Baglung

Notice for Price Bid Opening

Date of Publication: 2081/12/20 (2nd April 2025)

Road Division Baglung hereby notifies and publishes this notice to all concerned bidders regarding our bid of **RDBLG/337011694/081/82-20** for the purpose of ITB 25.7 and Rule 31 E (5) of PPR 2064 that the evaluation of technical proposals for the single-stage double-envelope contract is completed, and the financial proposal of technically successful bidders listed below will be opened on **9th April 2025 (2081/12/27), 13:00** at Road Division Baglung.

S.N.	Name and Address of the Contractor
1	M/S Hillside/P.K. Joint Venture, Rangkhani 01, Baglung

Division Chief

बिमालेख हरायो

मिति २०८१/१२/११ गते टंगालमा सवारीसाधनमा यात्रा गर्दा लाईफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि.बाट जारी भएको मेरो निम्न ब्यहोराको बीमाअभिलेख हराएको हुँदा पाउनुहुने महानुभावले निम्न ठेगाना, सम्पर्क नम्बर अथवा नजिकैको प्रहरी चौकीमा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम : मोहन बहादुर सिंदाली
बीमालेख नं. : 110029951
सम्पर्क नं. : 9841945139

एसजेवीएन अरूण-3 पॉवर डवलपमेंट कंपनी प्रा. लि.
SJVN Arun-3 Power Development Company Pvt. Ltd.
(एसजेवीएन की पूर्ण स्वामित्व वाली अधीनस्थ कंपनी)
(A wholly owned subsidiary of SJVN)
900 मेगावाट अरूण-3 जलविद्युत परियोजना
900 MW Arun-3 Hydro Power Project
Regd. No.: 111808/69/070

एसएपीडीसी SAPDC

PRESS NOTICE

SJVN Arun-3 Power Development Company (P) Ltd. (SAPDC) invites sealed open tender enquiries from the eligible bidders/contractors of Nepal as per the following details:

Contract No.	Description of Work	Publishing date on websites	Last date for Submission/ Opening of bid Proposals
PCD-273/2025	Annual Maintenance of Civil works (Infra) including Plumbing works etc. at Phaksinda/Dovan in Sankhuwasabha Distt. Nepal	01.04.2025	**Submission:** at (Tumlingtar Office) 22.04.2025 upto 1530 Hrs. **Opening:** at (Tumlingtar Office) 22.04.2025 at 1600 Hrs.

Bids are to be submitted either by post/Courier or physically in the SAPDC office at **Tumlingtar,** Distt. Sankhuwasabha, Nepal. The Tender Documents can be downloaded from websites: **https://sjvn.nic.in & https://www.sapdc.com.np.**

Further, Amendment(s) / Notification(s) etc. shall be issued on above websites only.

Sd/-
Chief Engineer (P&C),
SAPDC, Satluj Bhawan, Arun Sadan,
Tumlingtar, Distt. Sankhuwasabha, Nepal.
Tel.: +977-29-575154
E-mail: **pnc.sapdc@sjvn.nic.in**

संविधानतः...

पृष्ठ १ बाट क्रमशः

सचिवालयलाई त्यसको जानकारी छैन । उनको पद पनि जोगाउने तयारी छ ।

संविधानको धारा ८९(घ) मा सदनलाई सूचना नदिई लगातार १० वटा बैठकमा अनुपस्थित रहे सांसद पद रिक्त हुने व्यवस्था छ । प्रतिनिधिसभा नियमावलीको नियम २१३ मा अस्वस्थ वा काबुबाहिरको परिस्थितिमा लगातार १० वटा बैठकमा अनुपस्थित रहनुपर्ने भएमा अग्रिम सूचना सभामुखमार्फत सदनलाई दिनुपर्ने व्यवस्था छ । त्यस्तो सूचना सभामुखले सभाको स्वीकृतिका लागि प्रस्तुत गर्नुपर्ने र सभाले स्वीकृत गर्नुपर्ने भनिएको छ ।

काठमाडौंको कालिमाटीस्थित स्वर्णलक्ष्मी सहकारीको दुईपटकसम्म सञ्चालक रहेर दुई अर्ब ६५ करोड बचत रकम हिनामिना गरेको आरोप लागेकी राई पाँच महिनादेखि फरार छिन् । तर, उनलाई पक्राउ गर्न प्रहरीलाई गृह मन्त्रालयको 'आदेश' नै छैन । फरार राईले संसद् सचिवालयमा अग्रिम सूचना दिएकी छैनन् । बरु पद जोगाउन कांग्रेस संसदीय दलले हतार-हतार सोमबार सभामुख घिमिरेको सचिवालयमा बिदाको निवेदन दिएको छ । तर, १० वटा बैठकमा अनुपस्थित सात सांसदको बिदाको सूचना मंगलबार बसेको प्रतिनिधिसभा बैठकमा सुनाएका सभामुख घिमिरेले राईको सूचना प्रस्तुत गरेनन् ।

कांग्रेस प्रमुख सचेतक श्याम घिमिरेले पार्टीकी सांसद राईले सभामुखलाई दुई-चार दिनअघि बिदाको सूचना दिएको दाबी गरे । 'सभामुखले सभामा बिदाको सूचना प्रस्तुत गर्दा कसरी छुटाउनुभयो, थाहा भएन । तर, उहाँ (राई) ले साथीभाइमार्फत दुई-चार दिनअगाडि नै निवेदन दिनुभएको हो । बिदाको कारण सभामुखलाई थाहा भएन कि !' उनले भने ।

तर, संसद् सचिवालयका पदाधिकारीले भने घिमिरेले सोमबार साँझ मात्रै सभामुखको निजी सचिवालयमा निवेदन बुझाएको बताए । 'कांग्रेस सचेतकले सभामुखको निजी सचिवालयमा अबेर गरेर निवेदन बुझाउनुभएको हो । हाम्रो कार्यव्यवस्थामा जति उपलब्ध थियो, सभामा पठाइदियौं । सभामुखको सचिवालयबाट नआएको हुन सक्छ । सिंहदरबारमा आएर बानेश्वरमा नआएर छुटेको पनि हुन सक्छ,' एक पदाधिकारीले भने । सूचना छुटेको भए अर्को अधिवेशनको प्रारम्भमा सुनाउन सकिने उनले बताए ।

सभामुख देवराज घिमिरेले माया राईको बिदाको निवेदनबारे आफूलाई जानकारी नभएको प्रतिक्रिया दिए । 'माया राईको बिदाको निवेदनबारे मलाई थाहा छैन । उहाँ (कांग्रेस प्रमुख सचेतक) ले दिएको भन्नुभएको रहेछ भने थप बुझ्नुपर्छ,' उनले भने ।

महासचिव पदम पाण्डेयले सांसद राईको बिदाको निवेदनबारे जानकारी नभएको बताए । प्रतिनिधिसभा सचिव हर्क राईले थाहा नभएको उल्लेख गर्दै कार्यव्यवस्थामा सोध्नुपर्ने बताए । सभामुखका स्वकीय सचिव तेजप्रकाश भट्टराईले पनि थाहा नभएको बताए । सभामुखका निजी सचिव एवं संसद् सचिवालयका उपसचिव ओमबहादुर कार्कीले पनि निवेदन आएको थाहा नभएको र आएको भए कार्यव्यवस्था परामर्श समितिमा गएको हुनुपर्ने बताए ।

तर, कार्यव्यवस्था परामर्श समितिले आएका निवेदनमध्ये १० दिनभन्दा माथिको सूचना हेरेर सभामा पठाएको थियो । 'हामीले रेकर्ड हेरेर १० दिनभन्दा माथिका सबै सूचना सभामा पठाएका छौं । त्यसमा माया राईको नाम छैन,' कार्यव्यवस्था समितिका एक अधिकारीले भने ।

संसद् सचिवालयका प्रवक्ता एकराम गिरीले राईको बिदाको सूचनाबारे बुझेर मात्रै भन्न सकिने बताए । 'उहाँले सिंहदरबारमा बुझाउनुभयो होला । हामी कर्मचारी बिहानै हाउस चलाउन बानेश्वर गएकाले हतारमा छुटेको हुन सक्छ । यसबारे बुझ्नैपर्छ । भोलि अभिलेख हेरेर भन्न सकिन्छ,' उनले भने ।

पनि बताए । 'मान्छे आपराधिक गतिविधि वा गैरकानुनी काममा संलग्न नभई फरार हुँदैनन् । बिरामीको निवेदन अस्पतालमा बसेको हो कि होइन, अस्पतालले प्रमाणित गरेको छ वा छैन भनेर हेर्नुपर्छ । अस्पतालमा बसेको छैन भने ऊ सदनको कामकारबाहीमा आउनयोग्य मान्नुपर्छ,' उनले भने, 'तर, यहाँ परम्परागत सोच राखिन्छ । संसद्को पनि चाला त्यही हो । कानुन बनाउने व्यवस्थापिकाले सुशासनमा ख्याल गरेको देखिँदैन । हाकाहाकी ढाँटेको छ । कानुन बनाउने निकायबाटै कानुन हातमा लिने काम भइरहेको छ ।'

अझ फरार सांसदलाई तलब सुविधा दिनुले सुशासनमै प्रहार गरेको संसद्का पदाधिकारी बताउँछन् । संसद् सचिवालयका अनुसार फरार सांसदलाई सुविधा रोक्ने कानुनी प्रबन्ध छैन । 'प्रतिनिधिसभा नियमावलीले निलम्बनमा परेपछि मात्र सेवा-सुविधा रोक्का हुने भन्छ,' संसद् सचिवालयका प्रवक्ता एकराम गिरी भन्छन्, 'कुनै मुद्दामा पक्राउ नपरी फरार रहेको अवस्थामा सेवा-सुविधा रोकिँदैन । सचिवालयलाई पनि जान्छ ।'

कार्यव्यवस्था तथा परामर्श समिति सदस्य रामहरि खतिवडाले सांसद बस्नेतको अनुपस्थितिको सूचनामा नियमापत्ति गर्न खोजे पनि नमिलेको बताए । 'गीता बस्नेतको सूचनामा नियमापत्ति गर्न खोजेको थिएँ । माननीय दीपक बोहराको निधनमा श्रद्धाञ्जली प्रकट गर्नुपर्ने भएकाले बोल्न पाइनँ,' उनले भने, 'बस्नेतको अनुपस्थितिको त्यो कारण थियो कि अरू कारण थियो ? सहकारी ठगीमा छानबिनमा रहेकी बस्नेत अनुसन्धानबाट भागेर फरार रहेकाले भन्नुपर्थ्यो । जे कारण हो, त्यही भन्नुपर्‍यो । संसद्लाई ढाँट्न पाइँदैन ।'

खतिवडाले माया राईको बिदा सूचना स्वीकृतिका लागि नआएकोमा पनि प्रश्न राखेको, तर जवाफ नपाएको बताए । 'माया राईको नाउँ लिएको छैन । संसद्मा उपस्थित नभएको सुन्नमा आयो । संसद् सचिवालयले माया राईका बारेमा जानकारी छैन, भन्यो । यो के भएको हो ?' उनले सोधे ।

सभामुख घिमिरेले यसअघि कर्तव्य ज्यान मुद्दामा पुर्पक्षका लागि थुनामा नबसी फरार रहेका एमाले सांसद लक्ष्मी महतो कोइरीलाई निलम्बन गर्नुको साटो प्रक्रिया देखाएर बिरामी बिदा स्वीकृत गरेका थिए । चर्को विरोध भएपछि अर्को अधिवेशनमा १९ वैशाख ०८० मा निलम्बन गरेका थिए । २८ मंसिरमा मुद्दामा सफाइ पाएपछि कोइरीको निलम्बन फुकुवा भएको थियो ।

देउवा ११ दिन अनुपस्थित

सभामुख घिमिरेले सभामा प्रस्तुत गरेको अनुपस्थितिको सूचनाअनुसार कांग्रेस सभापति शेरबहादुर देउवा पार्टीको काममा व्यस्त रहेकाले ११ दिन अनुपस्थित भएका छन् । मनोरमा शेरचन थेरापीमा रहेकाले २७ दिन नै अनुपस्थित रहेकी छिन् । लीलादेवी बोखिम लिम्बू पारिवारिक कामले १४ दिन उपस्थित भइनन् । वैदेशिक भ्रमणमा गएका सरस्वती बजिमयो ११ र रमेश रिजाल १२ दिन अनुपस्थित छन् । मंगलबार निधन भएका दीपक बोहरा उपचारमा रहँदा २१ दिन अनुपस्थित थिए ।

सहकारी ठगीमा कांग्रेस सांसद राई साढे ६ महिनादेखि फरार, प्रहरीलाई छैन पक्राउको आदेश

काठमाडौं / काठमाडौंको कालिमाटीस्थित स्वर्णलक्ष्मी सहकारीको दुई अर्ब ६५ करोड हिनामिनामा कांग्रेस सांसद माया राई साढे ६ महिनादेखि फरार छिन् । तर, उनलाई पक्राउ गर्न प्रहरीलाई गृह मन्त्रालयको 'आदेश' छैन ।

जिबी (गीतेन्द्रबाबु) राईनिकट माया दुईपटक सो सहकारीको सञ्चालक बनेकी थिइन् । यसअघि प्रहरीले स्थायी ठेगाना र तीनपुस्ते नखुलेको भन्दै मुद्दाबाट उनलाई उन्मुक्ति दिएको थियो । प्रहरीले उनलाई पक्राउ गर्न गत मंसिरमै अदालतबाट अनुमति लिएको थियो । तर, अभियोजनको समयमा कांग्रेस सांसद भएको खुलेपछि स्थायी ठेगाना नखुलेको भनेर अभियोजनबाट जोगाइएको थियो । गत २१ पुसमा प्रहरीले सो सहकारी हिनामिनामा पहिलो चरणको अनुसन्धान सकेर ३ जनाविरुद्ध मुद्दा दायर गरेको थियो । दोस्रो चरणको अनुसन्धान सुस्त छ । जिल्ला प्रहरी स्रोतका अनुसार सांसद राईलाई पक्राउ गर्न गृह मन्त्रालयको आदेश छैन ।

जिल्ला प्रहरी परिसर काठमाडौंका प्रमुख एसएसपी विश्व अधिकारी स्वर्णलक्ष्मी सहकारी ठगीको मुद्दामा दोस्रो चरणको अनुसन्धान जारी नै रहेको बताउँछन् । 'स्वर्णलक्ष्मी सहकारी ठगीको विषयमा अनुसन्धान जारी नै छ, अहिले उल्लेख्य प्रगति भइसकेको छैन ।'

सांसद राई दुईपटकसम्म सो सहकारीको सञ्चालक बनेकी थिइन् । आर्थिक वर्ष ०७३/७४ मा, कल्पनाकुमारी श्रेष्ठ अध्यक्ष, देवेन्द्रबाबु राई उपाध्यक्ष, गीतेन्द्रबाबु राई सचिव, सबिना आलेमगर कोषाध्यक्ष तथा यामकुमार नाल्बो, राजु बरालसँगै सांसद राई पनि सञ्चालक समिति सदस्य थिइन् । त्यस्तै, ०७४/७५ देखि ०७५/७६ मा उनी सहसचिव हुँदा कल्पनाकुमारी श्रेष्ठ अध्यक्ष, देवेन्द्रबाबु राई उपाध्यक्ष, दीपक लामा सचिव, रबिना आलेमगर कोषाध्यक्ष तथा भक्तबहादुर भोलन र प्रदीप लामा सदस्य थिए । त्यति वेलादेखि नै गैरकानुनी रूपमा कर्जा प्रवाह हुँदा सहकारी धराशायी भएको अनुसन्धानमा देखिए पनि अन्य सञ्चालकलाई मुद्दा चलाउँदा उनलाई अनुसन्धानबाहिरै राखिएको थियो । प्रारम्भिक अनुसन्धानमा उनको संलग्नता देखिएपछि प्रहरीले अदालतबाट पक्राउ पुर्जी लिएको थियो । तर, पछि अभियोगबाट उनको नाम हटेपछि गृह मन्त्रालयकै दबाबमा उनलाई उन्मुक्ति दिइएको आरोप लाग्दै आएको छ ।

सो मुद्दामा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने, सिन्धुलीको फिक्कल गाउँपालिकाका उपाध्यक्ष राजु बराललगायत प्रतिवादी छन् । मुख्य प्रतिवादी रहेका जिबी राई भने अझै फरार छन् । रविले पक्राउ पर्नुअघि जिबी पक्राउका लागि प्रहरीले विशेष सक्रियता देखाएपछि अहिले चासो दिएको छैन ।

अपराधमा संलग्न राप्रपा सांसद गीता बस्नेतलाई सभामुखकै संरक्षण

प्रतिनिधिसभाले सहकारी ठगीमै फरार राप्रपा सांसद गीता बस्नेतको बिरामी बिदा स्वीकृत गरेको छ । २७ दिन बसेको प्रतिनिधिसभा बैठकमा एक दिन पनि उपस्थित नभएकी बस्नेतलाई 'बिरामी बनाएर' स्वास्थ्य उपचारमा रहेको कारण देखाई दिएको अनुपस्थितिको सूचनालाई प्रतिनिधिसभाले सर्वसम्मत स्वीकृत गरेको हो ।

सहकारी ठगीमा फरार रहेकी बस्नेतमाथि अनुसन्धानमा सघाउनुपर्नेमा पद जोगाउने उद्देश्यले बिरामीको बहाना बनाएर आएको सूचनालाई सभामुख घिमिरेले सभामा स्वीकृतिका लागि प्रस्तुत गरेका थिए । उनको भने निवेदन परेको थियो । नवलपुरको कावासोतीमा रहेको छिपछिपे उपभोक्ता सहकारी संस्थाको १६ करोड ६९ लाख बचत रकम अपचलन आरोपमा बस्नेतविरुद्ध गत वैशाखमा पक्राउ पुर्जी जारी भएको थियो । १८ वैशाखमा प्रहरीले जिल्ला अदालतबाट पक्राउ अनुमति लिएपछि उनी फरार छिन् । २० जेठमा उनीविरुद्ध जिल्ला अदालत नवलपरासीमा मुद्दा दर्ता भएको थियो ।

संसद्का पदाधिकारीले अपराधमा मुछिएका सांसदलाई अनुकूल हुने गरी सभामुखदेखि सिंगै संसद्ले बिदा स्वीकृत गर्नुले अपराधलाई नै बढावा हुने टिप्पणी गरेका छन् । लेखा समितिका पूर्वसचिव सोमबहादुर थापाले अस्पतालमा बसेको छैन भने त्यस्तो माननीय सदन आउनयोग्य मान्नुपर्ने बताए । उनले कानुन बनाउने व्यवस्थापिकाले सुशासनलाई ध्यान नदिएको

रविलाई भने...

पृष्ठ १ बाट क्रमशः

रास्वपा सभापति रविलाई भने फास्ट ट्र्याकमा पक्राउ गरेको थियो । चारवटा जिल्लामा सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरणको मुद्दा लगाएर उनलाई सांसद पदबाट निलम्बन गरिएको थियो । पाँचौं जिल्ला पर्सामा मुद्दा नै दर्ता गरेको छैन ।

सभामुखको जवाफपछि रविले आफूमाथि राजनीतिक प्रतिशोधमा मुद्दा लगाइएको र भविष्यमा यो डरलाग्दो नजिर हुन सक्नेबारे सभामुखको ध्यानाकर्षण गराएको बताए । 'सांसद पद कसरी निलम्बन गर्न सकिन्छ भन्ने दूषित मनसाय राखी अदालतको ढोकामा टेकाइएको मुद्दाका आधारमा निलम्बन हुनुहुँदैन भनेर राखेको थिएँ । एउटा मान्छे सधैँ अदालत नै जाने, झगडा नै गरिरहने भन्ने होइन । पहिला संसद्को विषय संसद्बाटै निराकरण गरौं भन्ने मेरो अभिप्राय हो । फेरि म कति ठाउँमा मुद्दा लड्दै हिँड्ने ? जिल्लैपच्छे मुद्दा, फेरि अर्को मुद्दाभन्दा मैले यहीँबाट निरूपण होस् भन्ने अपेक्षा गरेको थिएँ,' उनले भने, 'त्यसकारण मुद्दा-मामलामा नजाऔं, यहीं (संसद्) बाटै समाधान खोजौं । दलहरूसँग छलफल गरियोस् र यहीँबाट टुंगियोस् भनेर पुनः स्मरण गराउन आएको छु ।'

रविका अनुसार यो विषय राजनीतिक हतियार बन्नेमा सभामुख सचेत र चिन्तित छन् । 'यसले भोलि प्रतिशोधको रूप लिने र यो हतियार प्रयोग गरेर सरकारको संख्या नै तलमाथि हुन सक्छ भन्नुभयो,' उनले भने । अर्को आउँदो बिहीबार म यो देशका चारवटा अदालतमा एकैपटक हाजिर लाउन जानुपर्छ, के यो सम्भव छ ?' उनले प्रश्न गरे । पर्सामा मुद्दा विलम्बमा आमजनताले हेरे जसरी आफूले पनि हेरेको उनले बताए ।

रविविरुद्ध किन रोकियो पर्सामा मुद्दा ?

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेविरुद्ध भने प्रहरीले पाँच जिल्लामा एकसाथ अनुसन्धान सुरु गरे पनि पर्साको सानो पाइला सहकारी मुद्दाको अनुसन्धान प्रतिवेदन थन्क्याएर राखेको छ । अन्य चार जिल्लामा रवि धरौटीमा छुटेपछि गृह मन्त्रालयकै निर्देशनअनुसार पर्सामा मुद्दा रोकिएको हो । यो विषयमा लामिछाने आफैँले सार्वजनिक रूपमा प्रश्न उठाएका छन् ।

सानो पाइला सहकारीबाट गोर्खा मिडियामा पैसा गएको भन्दै रविमाथि अनुसन्धान भएको थियो । पाँच महिनाअघि नै उनलाई पर्सा लगेर बयानसमेत लिइएको थियो । यसअघि कास्की, काठमाडौं, रूपन्देही र चितवन सबै जिल्लामा मुद्दा दर्ता गरेलगत्तै अदालतमा उपस्थित भई धरौटीमा छुटेपछि पर्सामा भने मुद्दा दायर गर्न सरकार हच्किएको हो ।

वीरगन्ज महानगरपालिका- ६, आदर्शनगरमा रहेको सानो पाइला बचत तथा ऋण सहकारी संस्थाको बचत रकम अपचलन गरेको विषयमा यसअघि नै दुईपटक जिल्ला अदालत पर्सामा मुद्दा दर्ता भइसकेको छ । पहिलोपटक २३ असोज ०८० मा सहकारीका वर्तमान तथा पूर्वपदाधिकारी गरी १३ जनालाई प्रतिवादी बनाई सहकारी ठगी मुद्दा दर्ता गरिएको थियो । पछि २ फागुन ०८० मा अर्को मुद्दा पूरक अभियोगका रूपमा दर्ता भएको थियो । पूरक अभियोगमा पनि प्रतिवादी १३ जना छन् ।

सुरु अभियोगमा ४९ जनाको मात्र जाहेरी थियो भने पूरकमा १७९ जनाको जाहेरी राखेर पूरक अभियोग चलाइएको थियो । सहकारीबाट गोर्खा मिडिया नेटवर्कको बैंक खातामा साढे आठ करोड जम्मा गरेको विषय सुरुमै देखिए पनि 'प्रमाण अभाव'का कारण गोर्खा मिडियाका तत्कालीन प्रबन्ध सञ्चालक रवि लामिछानेलाई प्रतिवादी बनाइएको थिएन । सहकारीबाट गोर्खा मिडियामा पैसा लैजाने प्रक्रियामा उनको कतै पनि सम्बन्ध भेटिएको थिएन । तर, संसदीय छानबिन विशेष समितिको प्रतिवेदनपछि सरकारको आदेशमा रविको नाममा किटानी जाहेरी दिन लगाई अनुसन्धान थालिएको थियो । पर्सा प्रहरी स्रोतका अनुसार गत पुसमै अनुसन्धान पूरा भए पनि फाइल रोकिएको छ । अझै केही विषय बुझ्न बाँकी भएकाले सरकारी वकिल कार्यालयमा अनुसन्धान नबुझाइएको पर्साका एसपी गौतम मिश्रले बताए ।

प्रधानमन्त्री...

पृष्ठ १ बाट क्रमशः

यातायातमन्त्री सुरिया जंग्राउन ग्रेङकिटदम्पती, संस्कृति तथा खेलकुदमन्त्री सोरावोङ थेनबोङदम्पती र थाइल्यान्डका लागि नेपाली राजदूत धनबहादुर वली, नेपालका लागि थाइल्यान्डका राजदूत सावापोङ सिरिसोर्नसहितले स्वागत गरेका थिए । थाई प्रधानमन्त्री पे थोङथान शिनावात्राले प्रधानमन्त्री ओलीलाई निमन्त्रणा गरेकी थिइन् ।

प्रधानमन्त्रीको भ्रमण दलमा प्रधानमन्त्रीपत्नी राधिका शाक्य, परराष्ट्रमन्त्री डा. आरजु राणा देउवा, प्रधानमन्त्रीका मुख्य सल्लाहकार विष्णुप्रसाद रिमाल, आर्थिक विकास सल्लाहकार डा. युवराज खतिवडा, नेपाल सरकारका मुख्यसचिव एकनारायण अर्याल, परराष्ट्र मन्त्रालयका सचिव अमृतबहादुर राईलगायत सहभागी छन् ।

बुधबार नेपाल र थाइल्यान्डका प्रधानमन्त्रीबिच औपचारिक वार्ता हुनेछ । त्यसक्रममा दुई सरकारी र ६ निजी क्षेत्रबिच सहकार्यसम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर हुनेछ । प्रधानमन्त्रीको सचिवालयका अनुसार द्विपक्षीय वार्तापछि नेपाल र थाइल्यान्डका प्रधानमन्त्रीले बुधबार संयुक्त पत्रकार सम्मेलन गर्ने कार्यक्रम छ । उनले थाइल्यान्डका नरेश महा बजिरालोङकोर्नसँग शिष्टाचारर भेट गर्नेछन् ।

प्रधानमन्त्री ओलीले बिहीबार थाइल्यान्डका प्रतिष्ठित व्यवासायीहरूसँग अन्तर्क्रिया गर्ने कार्यक्रम छ । एसियन इन्स्टिच्युट अफ टेक्नोलोजीमा आयोजित कार्यक्रमलाई उनले सम्बोधन गर्ने तथा नेपालका तर्फबाट एक लाख डलर सहयोग गर्ने कार्यक्रम पनि तय भएको छ । औपचारिक भ्रमण सकिएलगत्तै प्रधानमन्त्री ओलीले बिमस्टेक शिखर सम्मेलनमा सहभागिता जनाउनेछन् । प्रधानमन्त्री ओली बिहीबार साँझ बिमस्टेक शिखर सम्मेलनका नेताहरूलाई थाई प्रधानमन्त्रीद्वारा आयोजित औपचारिक रात्रिभोजमा सहभागी हुनेछन् । उनी शुक्रबार बिमेस्टक शिखर सम्मेलनमा सहभागी हुनेछन् । त्यही दिन प्रधानमन्त्री ओलीसहित शीर्ष नेताहरूले सम्बोधन गर्ने कार्यक्रम छ ।

बिमस्टेक नेताहरूबिच मेरिटाइम ट्रान्सपोर्ट कोअपरेसन अग्रिमेन्टमा हस्ताक्षर हुने कार्यक्रम रहेको ओलीले संसद्लाई जानकारी दिएका छन् ।

आजबाट फेरि काठमाडौंकेन्द्रित आन्दोलनमा शिक्षकहरू

कम्तीमा ५० हजार शिक्षक सहभागी हुने दाबी



मंगलबार काठमाडौंमा आन्दोलनको घोषणा गर्दै नेपाल शिक्षक महासंघ



शिक्षकहरूले काठमाडौंमा गरेको प्रदर्शन । फाइल तस्बिर

शिवहरि घिमिरे/नयाँ पत्रिका

विगतका सबै सहमति समेटी अग्रगामी विद्यालय शिक्षा ऐन ल्याउनुपर्ने मुख्य मागसहित देशभरका सामुदायिक विद्यालयका शिक्षक बुधबारदेखि काठमाडौंकेन्द्रित आन्दोलनमा उत्रिँदै छन् । शिक्षकहरू काठमाडौंमा भेला भएर दिउँसो १ बजेदेखि माइतीघर क्षेत्रमा आन्दोलन थाल्ने तयारीमा छन् ।

नेपाल शिक्षक महासंघले मंगलबार पत्रकार सम्मेलन गर्दै आन्दोलन अनिश्चितकालीन रहने भन्दै सरकारको ध्यानाकर्षण गराएको छ । महासंघको नेतृत्वमा हुन लागेको आन्दोलनमा कम्तीमा ५० हजार शिक्षक सहभागी हुने दाबी गरिएको छ । महासंघमा आबद्ध संघ-संगठनहरूका अनुसार १० हजार उपत्यकाभित्रका तथा ४० हजार उपत्यकाबाहिरबाट आएका शिक्षक आन्दोलनमा सहभागी हुनेछन् ।

पालिका, जिल्ला र प्रदेश तहमा समेत आन्दोलन हुने र मुख्य आन्दोलन काठमाडौंकेन्द्रित रहेको महासंघका अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले बताए । यसअघि शिक्षकहरूले २४ फागुनमा माइतीघर क्षेत्रमा जुलुस र धर्ना दिएका थिए । त्यसबाहेक उनीहरूले विभिन्न पार्टी कार्यालयमा समेत धर्ना दिइसकेका छन् ।

अध्यक्ष सुवेदीले आफूहरूको माग सम्बोधन गर्न सरकारले आनाकानी गरेको भन्दै सडक तताउने गरी आन्दोलनका कार्यक्रम तय गरिएको बताए । 'हाम्रो मागप्रति सरकार प्रतिबद्ध छैन । सरकारले चाहेको भए विद्यालय शिक्षा ऐन छिट्टै आउन सक्थ्यो, तर शिक्षालाई बेवास्ता गर्दै शिक्षकलाई हेपिएको छ,' उनले भने, 'विगतका सबै सहमति समेट्ने गरी गुणस्तरीय विद्यालय शिक्षा सुनिश्चित गर्ने तथा विद्यार्थी र शिक्षक-कर्मचारीमैत्री अग्रगामी विद्यालय शिक्षा ऐन जारी गर्नु हाम्रो मुख्य माग हो ।'



● **लक्ष्मीकिशोर सुवेदी**
अध्यक्ष, नेपाल शिक्षक महासंघ

विगतका सबै सहमति समेट्ने गरी गुणस्तरीय विद्यालय शिक्षा सुनिश्चित गर्ने तथा विद्यार्थी र शिक्षक-कर्मचारीमैत्री अग्रगामी विद्यालय शिक्षा ऐन जारी गर्नु हाम्रो मुख्य माग हो ।

अहिले सबैजसो विद्यालयमा पठनपाठन नभएको र नयाँ शैक्षिक सत्र पनि सुरु नभएकाले शिक्षकहरू काठमाडौंकेन्द्रित आन्दोलनमा लागेका हुन् । महासंघका अनुसार हाल देशभर सबै सामुदायिक विद्यालयमा गरी चार लाख शिक्षक छन् । हरेक दिन बिहान ११ बजेदेखि दिउँसो ४ बजेसम्म शिक्षकहरू आन्दोलनमा रहेछन् ।

शिक्षा मन्त्रालयका प्रवक्ता शिवकुमार सापकोटाले शिक्षकहरूका माग सम्बोधन हुने बताए । 'उहाँहरूका माग सम्बोधन नहुने कुरै हुँदैन । आन्दोलनमा उत्रिनु उहाँहरूको अधिकार पनि होला,' उनले भने, 'शिक्षा मन्त्रालय शिक्षकका मागलाई ध्यानमा राखेर अघि बढिरहेको छ ।'

नेपाल विद्यालय कर्मचारी परिषद्का अध्यक्ष गंगाराम तिवारीले सरकारले शिक्षकहरूलाई र शिक्षाका मुद्दाहरूलाई प्राथमिकतामा नराखेकाले आन्दोलन अघि सारिएको बताए ।

यसअघि ०८० असोजमा शिक्षकको आन्दोलनले काठमाडौंका सडक तताएको थियो । त्यतिबेला देशैभरका शिक्षक विद्यालय बन्द गरेर आन्दोलनमा उत्रिएका थिए । एक सातासम्म काठमाडौंकेन्द्रित आन्दोलन चर्किएपछि ५ असोज ०८० मा शिक्षकका माग सम्बोधन गर्ने सहमति बनेको थियो । त्यसअनुसार काम नभएको महासंघको भनाइ छ ।

शिक्षकहरूले मुख्यतः २७ भदौ ०८० मा प्रतिनिधिसभामा पेस विद्यालय शिक्षासम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकप्रति नै आपत्ति जनाएका छन् । तत्कालीन समयमा शिक्षामन्त्री अशोक राईले सो विधेयक प्रतिनिधिसभामा पेस गरेका थिए । विद्यालय शिक्षा विधेयक संसद्को शिक्षा समितिमा छलफलकै क्रममा छ । समितिले सातै प्रदेशमा सुझाव संकलन गरी त्यसलाई एकीकृत गर्ने कार्य भइरहेको छ ।

संसद्को शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका सभापति अम्मरबहादुर थापाले विद्यालय शिक्षा विधेयक तत्काल नआउने बताए । 'समितिले मात्रै छलफल गरेर भएन । मंगलबारदेखि संसद्को हिउँदे अधिवेशन बन्द भयो । यसपटक पनि विधेयक अगाडि बढेन,' उनले भने, 'अब वैशाखको दोस्रो साता संसद् बैठक बस्ला । त्यसपछि विधेयक अघि बढ्ला ।'

■ तीनकुनेमा राजावादीको हिंसात्मक प्रदर्शन

थप १८ जनालाई राज्यविरुद्धको कसुर र आपराधिक उपद्रव मुद्दा

आगजनीले थलिएको जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी







१५ चैतमा राजावादी प्रदर्शनकारीले आगजनी गरेपछि खण्डहर बनेको जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी ।
तस्बिर : दिपेन्द्र ढुंगाना/नयाँ पत्रिका



● **एसपी अपिलराज बोहरा**
प्रवक्ता, जिल्ला प्रहरी परिसर काठमाडौं

तीनकुने घटनामा पक्राउ परेका १८ जनाविरुद्ध तीन दिनको म्याद मिलान भएको छ । जसमध्ये आठजनाविरुद्ध राज्यविरुद्धको कसुर, संगठित अपराध र बाँकी दशजनाविरुद्ध आपराधिक उपद्रव र संगठित अपराध कसुरमा म्याद मिलान भएको छ । उनीहरूविरुद्धको अनुसन्धान प्रक्रिया अघि बढेको छ ।

टेकराज थामी/नयाँ पत्रिका

गत शुक्रबार तीनकुनेमा भएको प्रदर्शनका क्रममा भएको आगजनी, तोडफोड र लुटपाटमा संलग्न थप १८ जनाविरुद्ध राज्यविरुद्धको कसुर, आपराधिक उपद्रव र संगठित अपराध कसुरमा अनुसन्धान अघि बढाइएको छ । जिल्ला प्रहरी परिसर काठमाडौंले पक्राउ परेका १८ विरुद्ध म्याद मिलान गर्न मंगलबार जिल्ला अदालत काठमाडौं लगेको थियो । अदालतले थप अनुसन्धानका लागि तीन दिनको म्याद मिलान गरेको छ । जसमध्ये आठजनालाई राज्यविरुद्धको कसुर र संगठित अपराधअन्तर्गत म्याद मिलान भएको छ । बाँकी दशजनालाई आपराधिक उपद्रव र संगठित अपराधमा म्याद मिलान भएको छ ।

जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एसपी अपिलराज बोहराले पक्राउ परेकामध्ये आठजनाविरुद्ध राज्यविरुद्धको कसुर, संगठित अपराध र बाँकी दशजनाविरुद्ध आपराधिक उपद्रव र संगठित अपराध कसुरमा म्याद मिलान भई अनुसन्धान प्रक्रिया अघि बढेको बताए । 'तीनकुने घटनामा पक्राउ परेका १८ जनाविरुद्ध तीन दिनको म्याद मिलान भएको छ । जसमध्ये आठजनाविरुद्ध राज्यविरुद्धको कसुर, संगठित अपराध र बाँकी दशजनाविरुद्ध आपराधिक उपद्रव र संगठित अपराध कसुरमा म्याद मिलान भएको छ । उनीहरूविरुद्धको अनुसन्धान प्रक्रिया अघि बढेको छ,' उनले भने ।

प्रहरीका अनुसार राज्यविरुद्धको अपराध र संगठित कसुरअन्तर्गत अनुसन्धान प्रक्रिया अघि बढाइएकामा कुमार बस्नेत, अनिलकुमार थापा, तारानाथ बोहरा, दानबहादुर न्यौपाने, उमेश तामाङ, भानुभक्त पौडेल, विष्णुजंग बस्नेत र देवीप्रसाद संग्रौला छन् । त्यस्तै, आपराधिक उपद्रवतर्फ लोकबहादुर बस्नेत, सरिता केसी, सीतादेवी राई, रविरञ्जनकुमार सिंह, आशिककुमार महतो, प्रेमकुमार सिंह, राधेश्याम यादव, वरुण यादव, गोविन्द राय र दिनेश खड्का छन् । यसअघि अदालतले राप्रपाका वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र, महामन्त्री तथा सांसद धवलशमशेर राणासहित ४१ विरुद्ध राज्यविरुद्धको कसुर, आपराधिक उपद्रव र संगठित अपराधमा म्याद थप गरेको थियो । उनीहरूविरुद्ध थप गरिएको म्याद मंगलबार राति १२ बजे सकिँदै छ । उनीहरूविरुद्ध थप अनुसन्धानका लागि बुधबार म्याद मिलान हुनेछ । कसुर प्रमाणित भए पक्राउ परेकाविरुद्ध साढे सात वर्ष कैद र ७५ हजार रुपैयाँसम्मको जरिवाना हुने सक्नेछ ।

मुलुकी अपराध संहिता ऐन, २०७४ भाग २ को फौजदारी कसुर परिच्छेद १ मा राज्यविरुद्धको कसुरलाई व्याख्या गरिएको छ । ऐनको दफा ४९ मा को उपदफा ४ मा सार्वभौमसत्ता, भौगोलिक अखण्डता वा प्रादेशिक अखण्डता, राष्ट्रिय वा राष्ट्रिय एकता, नेपालको स्वाधीनता, स्वाभिमान वा संघीय इकाइबिचको सुसम्बन्ध खलल परे राज्यविरुद्धको अपराध ठहरिन्छ । 'कसैले नेपालको सार्वभौमसत्ता, भौगोलिक वा प्रादेशिक अखण्डता, राष्ट्रियता वा राष्ट्रिय एकता, नेपालको स्वाधीनता, स्वाभिमान वा संघीय इकाइबिचको सुसम्बन्ध खलल पर्न सक्ने गरी वर्गीय, जातीय, धार्मिक, क्षेत्रीय, साम्प्रदायिक र यस्तै अरू कुनै आधारमा घृणा, द्वेष वा अवहेलना उत्पन्न हुने कुनै कामकारबाही गर्न वा गराउन वा त्यस्तो गर्ने उद्योग गर्न वा दुरुत्साहन दिन वा त्यस्तो काम गर्ने षड्यन्त्र गर्न वा विभिन्न जात वा सम्प्रदायबिचको सुसम्बन्ध खलल गर्नु वा गराउनु हुँदैन,' ऐनमा भनिएको छ ।

■ पत्रकार रजकको शरीरमा गोली भेटिएन, पोस्टमार्टमको प्रक्रिया अघि बढ्यो



तीनकुनेमा राजवादीले गरेको प्रदर्शनका क्रममा आगजनीमा परी मृत्यु भएका पत्रकार सुरेश रजकको शरीरमा गोलीको दाग भेटिएन । मंगलबार साँझ गरिएको एक्सरेपछि उनको शरीरमा गोली लागेको दाग नभेटिएको हो । यससँगै शवको पोस्टमार्टम प्रक्रिया अघि बढेको छ । रजक एभिन्युज टेलिभिजनमा कार्यरत थिए । प्रदर्शनको भिडियो खिच्ने क्रममा आगलागीमा परी उनले ज्यान गुमाएका थिए । उनी गत १५ चैतमा राजावादी समूहले आयोजना गरेको प्रदर्शनको भिडियो संकलन गर्न तीनकुनेस्थित एक निजी घरमा पुगेका थिए । एभिन्युज टेलिभिजनका सम्पादक सुशील पाण्डेले शवको एक्सरे भएको र गोलीको दाग शरीरमा नदेखिएको बताए ।

रजकको शव महाराजगन्जस्थित शिक्षण अस्पतालमा राखिएको छ । रजक परिवारले घटनाको स्वतन्त्र अनुसन्धान हुनुपर्ने, उनलाई सहिद घोषणा गरिनुपर्ने र क्षतिपूर्तिको व्यवस्थासमेत हुनुपर्ने माग राखेका छन् । तीनकुने घटनामा ज्यान गुमाउने कीर्तिपुरका सविन महर्जनको भने मंगलबार साँझ दाहसंस्कार भएको छ । पशुपतिनाथ आर्यघाटमा उनका बाबु श्रीकृष्ण महर्जनले दागबत्ती दिए । शुक्रबार राजावादीको प्रदर्शनका क्रममा तीनकुनेमा प्रहरीको गोली लागेर उनको मृत्यु भएको थियो । प्रहरीले पोस्टमार्टमका लागि उनको शव शिक्षण अस्पताल लगेको थियो । उनको दायाँ हातको कुनामा गोली लागेको पाइएको छ ।

■ घाइते सबैको उपचार सरकारले गर्ने

तीनकुने घटनामा घाइते भएका सबैको उपचार सरकारले गर्ने भएको छ । मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले घाइतेको उपचार सरकारले गर्ने निर्णय गरेको हो । घटनामा प्रहरी र प्रदर्शनकारीतर्फ गरी ७० भन्दा धेरै घाइते छन् । सञ्चार तथा सूचना प्रविधिमन्त्री तथा सरकारका प्रवक्ता पृथ्वीसुब्बा गुरुङले घाइतेको उपचार सरकारले गर्ने र उपचारको प्रबन्ध मिलाउन स्वास्थ्य मन्त्रालयलाई निर्देशन भएको बताए । राजावादीको प्रदर्शनमा सहभागी नहुन पनि सरकारले अपिल गरेको छ । मंगलबार साँझ रास्वपा सांसदहरूले तीनकुने घटनामा गोली लागेर घाइते भई सिभिल अस्पतालमा उपचाररत रेविका खत्रीलाई भेटेका छन् ।

कुलमान र हितेन्द्रको मुद्दा हेर्दाहिँदैमा, आज सुनुवाइ



काठमाडौं/ नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकमा पुनर्बहाली गर्न माग गर्दै कुलमान घिसिङले दर्ता गरेको रिट र नवनियुक्त कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यको रिट हेर्दाहेर्दमा राखिएको छ । मंगलबार सर्वोच्च अदालतका न्यायाधीशद्वय कुमार चुडाल र नित्यानन्द पाण्डेयको इजलासमा भएको सुनुवाइ नसकिएपछि दुवै मुद्दा हेदाहेर्दैमा राखिएको हो । अब दुवै मुद्दाको सुनुवाइ बुधबार हुनेछ ।

११ चैतको मन्त्रिपरिषद् बैठकले घिसिङलाई बर्खास्त गर्दै शाक्यलाई प्राधिकरणको कार्यकारी निर्देशक नियुक्त गरेको थियो । शाक्य पूर्वकार्यकारी निर्देशक हुन् । २७ माघ ०७७ को मन्त्रिपरिषद्ले शाक्यलाई कार्यकारी निर्देशक नियुक्त गरेको थियो । पछि उनलाई जलस्रोत तथा ऊर्जा आयोगमा सचिवसरहको पदमा बढुवा गरी सरुवा गरेर घिसिङलाई २५ साउन ०७८ मा कार्यकारी निर्देशकमा नियुक्त गरिएको थियो । उनको कार्यकाल आगामी २५ साउनमा सकिँदै थियो । तर, सरकार र ऊर्जामन्त्री दीपक खड्काको व्यक्तिगत स्वार्थमा सहयोग नगरेपछि उनलाई हटाइएको थियो । घिसिङले आफ्नो बर्खास्ती गैरकानुनी भएको भन्दै पुनर्बहालीका लागि अन्तरिम आदेश माग गर्दै सर्वोच्चमा रिट दर्ता गरेका थिए । 'कुलमान घिसिङ पुनर्बहाली संयुक्त आन्दोलन परिचालन समिति नेपाल'ले कुलमानको बर्खास्तीविरुद्ध आन्दोलन घोषणा गरेको हो । समितिले आगामी २४ चैतमा पहिलो चरणको आन्दोलन गर्ने जनाएको छ ।

अमेरिकाबाट फर्काइएका सातजनाको खोजी गर्न भुटानी शरणार्थी अगुवाको माग

झापामा **चिरञ्जीवी घिमिरे**

भुटानी शरणार्थी अगुवाहरूले अमेरिकाले फर्काएका सातजना पूर्वभुटानी शरणार्थीको खोजी गर्न अन्तर्राष्ट्रिय समुदायसँग माग गरेका छन् । अमेरिकामा विभिन्न मुद्दा लागेर भुटान फर्काएका दशमध्ये तीनजना पूर्वभुटानी शरणार्थीलाई अवैध रूपमा नेपाल प्रवेश गरेको भन्दै नेपाल प्रहरीले पक्राउ गरी अध्यागमन कार्यालय काँकडभिट्टामा बुझाएको थियो । उनीहरूसँगै भुटान फर्काइएका सातजना भने अहिले सम्पर्कविहीन रहेको र उनीहरू कहाँ छन् भन्ने पत्ता लागेको छैन ।



● **बलराम पौड्याल**, अध्यक्ष, भुटान पिपुल्स पार्टी

अमेरिकाले पठाएका दशमध्ये सातजनाको अवस्था अझै अज्ञात छ । मानव अधिकारवादी संस्था, भारत र नेपालमा रहेको अमेरिकी दूतावासलाई उनीहरूको खोजी गर्न, राज्यविहीन र पहिचानविहीन हुने अवस्थाबाट बचाउन अपिल गर्दछौं ।

गत २५ मार्चमा अमेरिकी सरकारले विभिन्न मुद्दा लागेकामध्ये दशजनालाई भारतको नयाँदिल्ली हुँदै भुटानको पारो विमानस्थलसम्म फर्काएको थियो । भुटान प्रहरीले उनीहरूलाई एक रात त्यहीँको एक स्थानीय होटेलमा राखेको थियो । त्यसमध्ये तीनजनालाई ३०-३० हजार भारु दिएर नेपाल जान भन्दै नेपाल-भारतको सीमावर्ती भारतको पानीट्यांकीमा ल्याएर छाडेको थियो । आफूहरूसँग आएका अन्य सातजना पारोसम्म सँगै रहेको र त्यसपछि कहाँ गएको भन्ने जानकारी नभएको तीनजनाले प्रहरीलाई बताएका थिए । उनीहरू पूर्वभुटानी शरणार्थी हुन् । नेपालका भुटानी शरणार्थी शिविरबाट पुनर्वास भई अमेरिका पुगेका उनीहरूलाई त्यहाँ विभिन्न मुद्दा लागेपछि 'ओरिजिन अफ कन्ट्री'का आधारमा भुटान फर्काएको थियो ।

भुटानी शरणार्थी समुदायले मंगलबार विज्ञप्ति जारी गर्दै अन्य सातजनाको अवस्था सार्वजनिक गर्न माग गरेको हो । भुटान पिपुल पार्टी, डुक नेसनल कांग्रेस-प्रजातान्त्रिक भुटानी शरणार्थी प्रतिनिधि स्वदेश फिर्ती समिति र भुटान स्वतन्त्र जनमञ्चले संयुक्त रूपमा विज्ञप्ति जारी गर्दै नेपालस्थित अमेरिकी दूतावासलाई भुटानी शरणार्थीलाई राज्यविहीनता र पहिचानविहीन अवस्थाबाट बचाउन माग गरेका छन् । सातजनाको अवस्था सार्वजनिक नहुँदा प्रजातन्त्र घोषणापछि पनि भुटान सरकारले आफ्ना नागरिकलाई बलपूर्वक देश निष्कासन गर्ने र बेपत्ता पार्ने अभ्यासमा सुधार नआएको भुटान पिपुल्स पार्टीका अध्यक्ष बलराम पौड्यालले आरोप लगाए । 'अमेरिकाले दशजनालाई भुटान सरकारलाई हस्तान्तरण गरिएको भनिए पनि केबल तीनजना मात्र सम्पर्कमा आएपछि अध्यागमनको नियन्त्रणमा छन् । सातजनाको अवस्था अझै अज्ञात छ,' उनले भने, 'हामी विश्वका सबै संस्था, मानव अधिकारवादी संस्था, भारत र नेपालमा रहेको अमेरिकी दूतावासलाई उनीहरूको खोजी गर्न, राज्यविहीन र पहिचानविहीन हुने अवस्थाबाट बचाउन अपिल गर्दछौं ।'

भुटानी शरणार्थीका अगुवाले भुटान सरकारले अमेरिकाबाट निर्वासन भएकालाई स्वीकार गरे पनि फेरि रातारात देश निकाला गरेको आरोप लगाएका छन् । भुटानले मानव अधिकारको प्रत्याभूत गर्नुको सट्टा उल्टै देश निकाला गरेको उनीहरूको आरोप छ । बेपत्ता सातजना र नेपालको अध्यागमन कार्यालयको नियन्त्रणमा रहेका पीडितलाई बाँच्न पाउने न्यूनतम मानव अधिकार प्रत्याभूत गर्न उनीहरूको माग छ । उनीहरूले भुटानी शरणार्थीलाई पटक-पटक शरणार्थी बन्नबाट बचाउन र शरणार्थी समस्याको दीर्घकालीन समाधानका लागि बहुपक्षीय वार्ताका लागि पहल गरिदिन नेपाल सरकारलाई आग्रह गरेका छन् । भुटानी शरणार्थी समुदायले ती दशजना र तीन दशकलेखि स्वदेश फर्कन चाहेका भुटानी शरणार्थीलाई स्वदेश फर्काउँदै आफ्नै देशमा सहज रूपमा बस्ने वातावरण सिर्जना गर्न पहल गरिदिन नेपालसहित अन्तर्राष्ट्रिय समुदायसँग माग गरेका छन् ।

रहेनन् राप्रपा सांसद बोहरा

भैरहवामा **दिपेश पछाई**



राप्रपा वरिष्ठ नेता एवं रुपन्देही ३ का सांसद दीपक बोहराको ७४ वर्षको उमेरमा निधन भएको छ । लामो समयदेखि घाँटीको समस्यासँग जुधिरहेका उनको मंगलबार काठमाडौंस्थित ओम अस्पतालमा निधन भएको हो । घाँटीको समस्याका कारण नबोलेरै चुनाव जितेका बोहरा प्रतिनिधिसभामा पनि बोल्न सकेनन् । संसद् बैठकमा नबोली उनको निधन भएको छ ।

बोहराको पार्थिव शरीरमा राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देन, राप्रपा नेपालका अध्यक्ष कमल थापासहित दुवै पार्टीका शीर्ष नेता र कार्यकर्ताले श्रद्धाञ्जली दिएका थिए । श्रद्धाञ्जलीपछि हेलिकोप्टरबाट शव काठमाडौं पुऱ्याइएको राप्रपा रुपन्देहीका उपाध्यक्ष अजयकुमार गुप्ताले जानकारी दिए । बोहराको पार्थिव शरीरलाई मंगलबार दिउँसो भैरहवा ल्याइएको थियो । उनको पार्थिव शरीर गौतमबुद्ध विमानस्थलदेखि गल्लामन्डी, मिलनचोक, नारायणस्थान, बर्मेलीटोली, बुद्धचोक, नयाँ सडक, देवकोटाचोक, बैंकरोडलगायत स्थान परिक्रमा गराई सिद्धार्थनगर- ३ स्थित राप्रपा कार्यालयमा श्रद्धाञ्जलीका लागि राखिएको थियो ।

बोहरालाई अन्तिम श्रद्धाञ्जली दिन राप्रपाका नेता-कार्यकर्ता, स्थानीय बासिन्दा, कांग्रेस, एमाले, माओवादी, एकीकृत समाजवादी, जसपा, लोसपा, जनमत पार्टीका प्रदेश र जिल्लास्तरका नेता, प्रदेश सभा सदस्य, स्थानीय तहका जनप्रतिनिधि, सुरक्षा निकायका प्रमुख भैरहवास्थित पार्टी कार्यालयमा पुगेका थिए ।

०७७ जेठमा कोरोना भाइरसबाट संक्रमित भएपछि उनको घाँटीमा समस्या देखिएको थियो । स्वरमा परिवर्तन र समस्या देखिएकाले उनी चुनावी प्रचारप्रसारकै क्रममा समेत बोल्न नसक्ने अवस्थामा थिए । भारतको नयाँदिल्ली र अमेरिकाको न्युयोर्कमा समेत उपचार गराएका उनले पछिल्लो समय घरमा स्पिच थेरापी लिँदै आएका थिए ।

बोहराको निधनप्रति रुपन्देहीका विभिन्न संघसंस्थाले विज्ञप्ति जारी गरी दुःख व्यक्त गरेका छन् । बोहरा नेपालको राजनीतिमा झन्डै चार दशकदेखि राप्रपामा क्रियाशील रहँदै आएका थिए । ०३६ मा रुपन्देहीबाट राष्ट्रिय पञ्चायत सदस्यमा निर्वाचित उनी ०४२ को राष्ट्रिय पञ्चायत सदस्यमा समेत विजयी भएका थिए । उनी ०७० मा रुपन्देही २ बाट संविधानसभा सदस्यमा निर्वाचित भएका थिए । बोहराले ०७९ को निर्वाचनमा रुपन्देही ३ मा तत्कालीन गृहमन्त्री एवं कांग्रेस नेता बालकृष्ण खाणलाई पराजित गरेका थिए । निर्वाचनकै समयदेखि बिरामी रहेका उनले निर्वाचनको प्रचारप्रसारमा पनि एक शब्द नबोली तत्कालीन खाणलाई पराजित गरेका थिए ।

राप्रपाको मंगलबार बसेको आकस्मिक बैठकले बोहराको सम्मानमा तीन दिन पार्टीको झन्डा आधा झुकाउन निर्णय गरेको प्रवक्ता मोहनकुमार श्रेष्ठले बताए । राप्रपा अध्यक्ष लिङ्देनले बोहराको निधनबाट राप्रपा र राष्ट्रवादी आन्दोलनलाई अपूरणीय क्षति पुगेको बताए । बोहरा राप्रपा नेपालका अध्यक्ष कमल थापानिकट थिए । स्वर्गीय बोहराको अन्तिम संस्कार बुधबार पशुपति आर्यघाटमा हुनेछ ।

एसजेवीएन अरूण-3 पॉवर डवलपमेंट कंपनी प्रा. लि.
SJVN Arun-3 Power Development Company Pvt. Ltd.
(एसजेवीएन की पूर्ण स्वामित्व वाली अधीनस्थ कंपनी)
(A wholly owned subsidiary of SJVN)
900 मेगावाट अरूण-3 जलविद्युत परियोजना
900 MW Arun-3 Hydro Power Project
Regd. No.: 111808/69/070

PRESS NOTICE

SJVN Arun-3 Power Development Company (P) Ltd. (SAPDC) invites sealed open tender enquiries from the eligible bidders/contractors of Nepal as per the following details:

Contract No.	Description of Work	Publishing date on websites	Last date for Submission/ Opening of bid Proposals
PCD-272/2025	Supply, Installation, Monitoring, Data Analysis and Routine Maintenance of Geo-technical instruments for Dam site Arun-3 HEP (900MW)	01.04.2025	**Submission:** at (Tumlingtar Office) 22.04.2025 upto 1530 Hrs. **Opening:** at (Tumlingtar Office) 22.04.2025 at 1600 Hrs.

Bids are to be submitted either by post/Courier or physically in the SAPDC office at **Tumlingtar,** Distt. Sankhuwasabha, Nepal. The Tender Documents can be downloaded from websites: **https://sapdc.com.np & http://sjvn.nic.in/tender.htm**
Further, Amendment(s) / Notification(s) etc. shall be issued on above websites only.

Sd/-
Chief Engineer (P&C),
Arun-3 HEP, Tumlingtar.
Tel.: +977-29-575154
e-mail: **pnc.sapdc@sjvn.nic.in**

लोकसेवाको अवैज्ञानिक प्रणालीमाथि प्रश्न

परीक्षार्थीको मनोबल कमजोर पार्ने उद्देश्यले लोकसेवाको पहिलो चरणको उत्तीर्णांक ४५ बनाउनु अवैज्ञानिक मात्र नभई अव्यावहारिक पनि छ



● विवेक शर्मा

अग्रलेख

'युवा'लाई उल्टो गरी पढ्दा 'वायु' हुन्छ। तेज गतिले चल्ने वायुले सारा प्राणीलाई अक्सिजन प्रदान गरी यो विश्वलाई जीवित राखेजसरी नै देश विकासमा युवाको भूमिका अग्रणी हुन्छ। युवाको जोस, जाँगर र शक्तिका कारण उसले कुनै पनि काम समयअनुसार गर्न सक्छ। युवा सोचविना देशको विकास सम्भव हुँदैन। तर, हाम्रो देशका युवालाई स्वदेशमै बसी काम गर्ने वातावरण छैन। देशमा केही गरौँ भन्ने सोचेका कतिपय युवाले देशकै प्रतिष्ठित निकायहरू जस्तै लोकसेवा आयोग, शिक्षक सेवा आयोग, नेपाल प्रहरी, नेपाली सेना, वायु सेवा निगम, नेपाल टेलिकम, विद्युत् प्राधिकरणलगायत सरकारी तथा बैंकिङ क्षेत्रहरूमा जागिरका लागि प्रयास गर्दागर्दै उमेरहद पार हुन्छ अनि ऊ बिदेसिन्छ या बेरोजगार भएर बस्छ। यो सबै प्रभाव हो, लोकसेवा आयोगले निर्धारण गरेको कठिन पाठ्यक्रम र नेपालका नेताहरूले बनाएका ऐन नियमको। जसले युवालाई स्वदेशमै केही गर्ने वातावरण बन्न दिइरहेका छैनन्।

यसपालिको संघीय निजामती सेवाको नायब सुब्बा पदको पहिलो चरणको नतिजा देख्दा परीक्षा दिने तथा लोकसेवा आयोगप्रति चासो राख्ने प्रायः सबैलाई झस्काएको हुनुपर्छ। आयोगको नायब सुब्बाको स्क्रिनिङ टेस्टको नतिजा हेदा हेर्दा बुटवलबाट १४.३४ प्रतिशत, दिपायलबाट १२.३८ प्रतिशत, सुर्खेतबाट ११.०१ प्रतिशत, पोखराबाट २४.२ प्रतिशत, जलेश्वरबाट १३.१९ प्रतिशत, धनकुटाबाट १८.०५ प्रतिशत र काठमाडौंबाट १७.०७ प्रतिशत गरी नेपालभरिबाट नायब सुब्बाको पहिलो चरणको परीक्षामा १५.७१ प्रतिशत परीक्षार्थी मात्र उत्तीर्ण भएका छन्। यो एकदम लाजलाग्दो नतिजा हो। यो नतिजा हेर्दा सरोकारवाला सबैका मनमा विभिन्न प्रश्न उब्जिएको हुन सक्छ। जस्तो, परीक्षार्थीहरूको पढाइको स्तर पुगेन कि ? आयोगको पाठ्यक्रम पो कठिन छ कि ? आयोगले निर्धारण गरेको उत्तीर्णांक नै अवैज्ञानिक तरिकाले निर्धारण गरिएको पो छ कि ? या यसपालिको प्रश्नपत्र नै कठिन आएको थियो कि ? यी र यस्ता कतिपय प्रश्न सबैका मनमा आएको हुन सक्छ। तर, अलिकति नियालेर हेर्दा यो नतिजा परीक्षार्थीको लेभल नपुगेको भन्नुभन्दा पनि आयोगले निर्धारण गरेको अवैज्ञानिक र अव्यावहारिक कार्यविधि तथा ऐन नियमकै परिणाम हो। यसै वर्ष ०८१/८२ को विज्ञापनदेखि केन्द्रीय लोकसेवाको 'स्क्रिनिङ टेस्ट'को उत्तीर्णांक ४० बाट बढाएर ४५ पुऱ्याइँदा के-कस्ता अध्ययन अनुसन्धान भए, थाहा भएन। तर, कठिन स्क्रिनिङ टेस्टले समावेशितामा भने प्रत्यक्ष-अप्रत्यक्ष रूपमा असर गरेको देखिन्छ।

नेपालमा बसोबास गर्ने बौद्धिक युवाले नेपालको सरकारी जागिरबाट सन्तुष्ट नभई एक त पहिल्यैदेखि आफूलाई सुरक्षित बनाउन तथा डलर कमाउन बिदेसिने लहर चलेकै छ। अहिलेका नीति-नियममार्फत पनि नेपालमा बस्ने वातावरण छैन भन्ने प्रमाणित गरिँदै छ। देशलाई हाँक्ने तथा सही दिशा दिई देशको चौतर्फी विकासका लागि महत्त्वपूर्ण भूमिका खेल्ने युवा नै देशमा बस्ने वातावरण नभएको भन्दै बिदेसिँदै छन्। किनकि शिक्षित युवाले जागिरका लागि परीक्षा दिँदा उत्तीर्ण नभई विज्ञापनअनुसारका कोटा खाली नै रहन्छन् भने अर्कातर्फ नेपाली सरकारी जागिरमा राम्रो सेवा-सुविधा र सुरक्षित पनि भएन भनेर राजीनामा दिई विदेश पलायन हुनेको संख्या पनि बढिरहेको अवस्था छ। देशका शिक्षित युवाले आफ्नो जीवनका महत्त्वपूर्ण पाँच-वर्ष लोकसेवाको परीक्षाको तयारी गर्नमै लगाउँछन्। उनीहरू देशमै बसेर जनतालाई सेवा दिन र देशलाई विकसित बनाउन चाहन्छन्, तर यहाँको राजनीतिले विभिन्न कालखण्डमा विभिन्न किसिमका अवैज्ञानिक तथा अव्यावहारिक ऐन नियम ल्याई ती युवाको सपना चकनाचुर बनाइरहेको छ।

यसपालिको नायब सुब्बाको प्रारम्भिक नतिजाले राष्ट्रिय शिक्षा नीतिमाथि नै धेरै प्रश्न खडा गरेको छ। यसपालि धेरै समावेशी सिट खाली रहने निश्चित छ। लोकसेवाले ल्याएको कार्यविधिले पनि धेरै प्रश्न खडा गरेको छ। एकचोटि सोच्नुहोस् त, भौगोलिक विकटता भएको स्थानको प्रतियोगीले सहज रूपमा ४५ उत्तीर्णांक ल्याउन सक्लान् त ? के दिनभरि कार्यालयमा काम गरेर तयारी गरी परीक्षामा सहभागी हुनेले ४५ उत्तीर्णांकको सीमा भेदन गर्न सक्लान् त ? 'निगेटिभ मार्किङ'सँगै ४५ अंक ल्याएर, दोम्रो चरणको परीक्षामा प्रवेश पाउनु अत्यन्त चुनौतीपूर्ण छ। नेपाल राष्ट्र



> देशबाट बौद्धिक पलायन रोक्न र युवालाई देशसेवाप्रति आकर्षित गराउन लोकसेवाले आफ्नो पाठ्यक्रममा समयानुकूल पुनरावलोकन गर्न नचाहेमा यसले युवा जनशक्तिमा लोकसेवाप्रति वितृष्णा जगाउने र विदेश पलायन हुने अवस्था झनै बढाउँछ

बैंकले पनि प्रारम्भिक चरणको परीक्षाका लागि ५० प्रतिशत उत्तीर्णांक राखेकोमा नतिजा राम्रो नआएपछि फेरि कम गरेको हो। लोकसेवाका परीक्षामा पहिलो चरणको उत्तीर्णांक अलिक लचिलो राख्नुपर्थ्यो। परीक्षार्थीहरूले पहिलो चरणको परीक्षामा नाम निकाले भने दोम्रो पत्रको तयारी गर्न मनोबल बढ्छ। तर, यहाँ त आयोगको नीतिले नै दोम्रो चरणको प्रवेशमै रोक लगाएको छ।

परीक्षार्थीको मनोबल कमजोर पार्ने उद्देश्यले पहिलो चरणको परीक्षाको उत्तीर्णांक ४५ बनाउनु अवैज्ञानिक मात्र नभई अव्यावहारिक पनि छ। देशबाट बौद्धिक पलायन रोक्न र युवालाई देशसेवाप्रति आकर्षित गराउन लोकसेवाले आफ्नो पाठ्यक्रममा पुनरावलोकन गर्न नचाहेमा यसले युवा जनशक्तिमा लोकसेवाप्रति वितृष्णा जगाउने र विदेश पलायन हुने अवस्था झनै बढाउँछ।

> अन्यत्र परीक्षार्थीले ५४ पटकको कोसिसपछि सफलता प्राप्त गरेको सुनिन्छ, तर हाम्रो देशमा भने ६ पटक परीक्षामा असफल भए सधैंका लागि अयोग्य हुने गरी नीति ल्याउने तयारी भइरहेको सुनिन्छ, यो कति जायज हो ?

जसले गर्दा वर्षौंवर्ष लगाएर परीक्षाको तयारी गरेका विद्यार्थीले नतिजा आउँदा आफ्ना दुःख सामाजिक सञ्जालमा पोख्छन्। सँगै पढेका, हुर्केका साथीहरू जो थोरै पढेर विदेश गए, उनीहरूले लाखौंलाख कमाएर महँगो घर जोडे, पैसा कमाए तर लोकसेवाको तयारीमा बसेका विद्यार्थीले भने खर्च मात्रै गरे। उमेर ढल्यो, तर उनीहरूले देशको नाममा सेवा गर्न पनि पाएनन् र पैसा कमाउन पनि सकेनन्।

भारतलगायत मुलुकमा ४५ प्रतिशत उत्तीर्णांक ल्याउन विद्यार्थीहरू वर्षौंभरि लगातार एउटै (प्रथम पत्र) विषयको तयारी गर्छ अनि एकपटक प्रथम चरण पार गरेपछि लगातार तीन वर्षसम्म दोम्रो चरणको परीक्षामा सहभागी हुन पाउँछ। भन्नुको अर्थ भारतमा एकपटक प्रारम्भिक पास गरेपछि लगातार तीनपटक दोम्रो पत्रको परीक्षा दिन पाइन्छ। ४५ प्रतिशतमा प्रथम पत्र उत्तीर्ण हुने लोकसेवाको पाठ्यक्रमअनुसार एक वर्षमै प्रथम तथा दोम्रो चरणको तयारी सक्नु निकै चुनौतीपूर्ण छ। यस्तो परिस्थितिमा परीक्षार्थीको खर्च मात्र बढ्छ। उपलब्धि भने निकै कम हुन्छ। यो तरिकाको पाठ्यक्रम र ४५ प्रतिशतमा प्रथम चरणको उत्तीर्ण हुने नीतिले लोकसेवा आयोगको राजस्व र कोचिङ सेन्टरको आर्थिक अवस्था त बढाउला, तर तयारी गर्ने परीक्षार्थीको आर्थिक अवस्था भने झन्झन् कमजोर बन्नेछ र यसबाट लोकसेवा आयोगप्रतिको वितृष्णा झनै बढ्ने निश्चित छ। विगतमा कानुनतर्फको शाखा अधिकृतमा प्रथम पत्र उत्तीर्ण हुनेको संख्या कम भएपै हाल नेपालमा कानुनको शाखा अधिकृतमा दोम्रो चरणको मात्र परीक्षा हुने व्यवस्था उदाहरणका रूपमा हामी सबैसामु विद्यमान छ। त्यसैले यस विषयमा जोडदार आवाज उठ्नुपर्छ। हाम्रो देशमा अरूको लहडमा नीति-नियम परिवर्तन हुने गर्छ। हाम्रो देशको अवस्था या परिवेश कस्तो छ, त्यो विचारै नगरी नेपाललाई नेपाल नबनाई अरूको 'कपी एन्ड पेस्ट' गर्दागर्दै देशलाई नै बर्बाद गर्ने स्थितिमा पुऱ्याउने काम अब गणतन्त्र नेपालमा रोकिनुपर्छ।

सबभन्दा महत्त्वपूर्ण कुरा ऐन नियम बनाउने वेलामा देशको भौगोलिक अवस्था, परिवेश, परिस्थिति तथा देशको शैक्षिक अवस्थादेखि राजनीतिक अवस्थासम्मको गहन अध्ययन नै नगरी देशका नीति-नियम हचुवाका भरमा र अन्य देशको लहलहैमा मात्र बनाउने गरिन्छ। जसले गर्दा देशमा समयक्रममा अनेक समस्या आइरहेका हुन्छन्। सेवा-सुविधा थप्नुपर्ने ठाउँमा लोकसेवा आयोगकै सेवा प्रवेशमा उमेरको हद ३२ राख्दा होस् या अहिले ३४ राख्दा नै किन नहोस्, दुवै हाम्रो देशको परिवेशका लागि उपयुक्त छैन। कतिपय देशमा परीक्षार्थीले हरेस नखाई ५४ पटकसम्म कोसिस गर्दा सफलता प्राप्त गरेका उदाहरण सुनिन्छन्, तर हाम्रो देशमा भने ६ पटक आयोगको परीक्षामा असफल भए सधैंका लागि अयोग्य नै हुने गरी नीति ल्याउने तयारी भइरहेको सुनिन्छ, यो कति जायज व्यवस्था हो ? देशको सत्ता हाँक्ने नेताहरूले चाहिँ जति उमेरसम्म, जतिपटक पनि निर्वाचन लड्न पाउने, वृद्धावस्थाका कारण लट्ठी या अरूको सहाराले हिँड्न सक्ने भए पनि उमेरहद लागू नहुने, तर देशमै बसेर देशका लागि केही गर्छु भन्ने युवाका लागि भने कहिले ३२ त कहिले ३४ वर्षको 'अल्टिमेटम' दिने या कहिले ६ पटक मात्र आयोगको परीक्षामा सामिल हुन पाउने व्यवस्था कसरी जायज होला ? यो सब देशमा बेरोजगारी बढाउने, युवा जनशक्तिलाई जबर्जस्ती विदेश पठाएर त्यहाँबाट उनीहरूले पठाएको रेमिटेन्सको भरमा देश चलाउने घुमाउरो नीति नभए अरू के हो ? अहिले पनि समय छ, गम्भीरतापूर्वक सोचेर र मनन गरेर लोकसेवा आयोगले समयमै पाठ्यक्रम र ऐन संशोधन गऱ्यो भने युवामा देशप्रति आशा र भरोसा जाग्नेछ र देश पनि जोगिनेछ।

(शर्मा शैक्षिक तथा सामाजिक अभियन्ता हुन्)

३ प्रश्न

त्रिवि केन्द्रीय वनस्पतिशास्त्र विभागका प्राध्यापक एवं नास्टका प्राज्ञ **प्रा.डा. प्रमोदकुमार झा**लाई



नेपालमा बाह्य मिचाहा प्रजातिका फैलावटलाई रोक्नका लागि हालका रणनीतिबारेमा जानकारी गराइदिनुस् है ?

बाह्य मिचाहा प्रजाति व्यवस्थापन राष्ट्रिय रणनीति तथा कार्यान्वयन योजना चैत्र १७ गते स्वीकृत भएको हो। यसअघि 'नेसनल बायोडाइभर्सिटी स्ट्रेटेजिक एन्ड एक्सन प्लान'मा यसको संक्षिप्त उल्लेख मात्र थियो। विस्तृत योजना आवश्यक ठानी २०७४ देखि रणनीति निर्माण थालिएको हो। पटक-पटक संशोधनपछि हाल विस्तृत रूपमा पारित भएको छ।

बाह्य मिचाहा प्रजातिको फैलावटले पारिस्थितिकीय प्रणालीमा कस्तो असर गरिरहेको छ ?

पारिस्थितिक प्रणालीमा मिचाहा प्रजातिको फैलावटले गम्भीर असर गर्छ। यी असरलाई विशेषतः चार बुँदामा व्यक्त गर्न सकिन्छ। पहिलो त एल्लोप्याथी अर्थात् मिचाहा प्रजातिबाट निस्कने रसायनले माटोमा असर पार्छ, स्थानीय वनस्पतिका लागि आवश्यक सूक्ष्म जीवाणुमा असर पर्छ, उब्जाउ क्षमतामा ह्रास ल्याउँछ र समग्रमा जैविक विविधतामा असर गर्छ। दोम्रो यी प्रजातिले पशु उत्पादकत्वमा असर पार्छ। तेम्रो यसले मानिस एवं पशुको स्वास्थ्यलाई पनि असर गर्छ। मिचाहा प्रजाति स्वास्थ्यमा पनि समस्या ल्याइरहेको हुन्छ। छाला, श्वासप्रश्वासको समस्या र चौपाया मिचाहा वनस्पति खाँदा दुध तितो हुने पनि गर्छ। चौथो, यसले हाम्रो जैविक एवं वन्यजन्तु संरक्षणमा पनि गम्भीर असर गर्छ। वास्तवमा मिचाहा प्रजातिले पारिस्थितिक प्रणालीमा मात्रै नभई कृषि क्षेत्रमा पनि ठुलो क्षति पुऱ्याउँछ।

नेपालमा बाह्य मिचाहा प्रजातिको प्रभावलाई कसरी कम गर्न सकिन्छ र यसमा विज्ञको भूमिका कस्तो हुन सक्छ ?

मिचाहा प्रजातिका वनस्पतिले निम्त्याउने क्षति विशाल छ। मिचाहा प्रजाति पूर्ण रूपमा उन्मूलन गर्न कठिन भए पनि रोकथाम सम्भव छ। कृषि, वनस्पति, वातावरण, प्राणीशास्त्र र अन्य सम्बन्धित क्षेत्रका विज्ञहरूको समन्वय आवश्यक छ। जैविक विधिबाट नियन्त्रण सम्भव भए पनि थप अनुसन्धान आवश्यक छ। स्थानीयस्तरमा कृषक र अधिकारीहरू सक्रिय भई सुरुवाती अवस्थामा नै नियन्त्रण गर्नुपर्छ।

प्रेरक प्रसंग

असफलता अन्त्य होइन, अवसर हो

इतिहासकै महान् हेभिवेट बक्सरमध्ये एक माइक टाइसनको कठिन संघर्ष र अवरोध पार गर्दै हासिल गरेको सफलता अनुकरणीय छ। सन् १९६६ मा ब्रुकलिनमा जन्मिएका टाइसनलाई दुई वर्षकै उमेरमा उनका बुबाले त्यागे, जसले उनको परिवारलाई आर्थिक संकटमा पाऱ्यो र उनी उच्च अपराध दर रहेको ब्राउनस्विलमा बसाइँ सर्न बाध्य भएका थिए। सानै उमेरमा आपराधिक गिरोहमा संलग्न भई १३ वर्ष पुग्दा उनी ३० पटक पक्राउ परिसकेका थिए। सुधारगृह पुग्दा उनको भेट परामर्शदाता बब स्टेवार्टसँग भयो जसले उनको अद्वितीय शारीरिक क्षमता पहिचान गरे र उनलाई बक्सिङमा लाग्न प्रेरित गरे। शैक्षिक रूपमा कमजोर टाइसनले बक्सिङप्रति गहिरो रुचि राखे। स्टेवार्टले उनलाई प्रसिद्ध प्रशिक्षक कुस डि'अमाटोसँग भेट गराए जसले उनको असीमित सम्भावना देखेर कठोर तालिम दिन थाले। तर, त्यसैवेला आमाको निधनले टाइसनलाई गहिरो मानसिक आघात दियो। त्यसपछि क्रुद्ध र उद्दण्ड बने र विद्यालयबाट निष्कासित भए। यद्यपि, उनले आफैंलाई सम्हाल्दै पुनः अभ्यास सुरु गरे। ओलम्पिक छनोटमा असफल भएपछि उनले १८ वर्षको उमेरमा पेसेवर बक्सिङ सुरु गरे। उनको पहिलो खेल पहिलो राउन्डमै जितिएको थियो। उनको अद्भूत शक्ति र तीव्रगतिले उनलाई 'आइरन' माइक टाइसनको उपनाम दिलायो। उनको यात्रा सानदार देखिए पनि प्रशिक्षक डि'अमाटोको निधनले उनलाई ठुलो मानसिक झट्का दियो। धेरैले उनलाई फेरि असफल हुने आशंका गरे, तर उनले हार मानेननू् र निरन्तर अभ्यास गरे। उनले अपराजित रहँदै सन् १९८६ मा मात्र २० वर्षको उमेरमा विश्व हेभिवेट च्याम्पियनसिप जिते। टाइसनको सफलताले दृढ इच्छाशक्ति र मिहिनेतले जीवनका चुनौती जित्न सकिन्छ भन्ने देखाउँछ। आमाको सम्झनामा प्रेरित भएर र आफ्नो प्रशिक्षकको सपना पूरा गर्न उनले कठिनाइलाई नै आफ्नो लक्ष्य प्राप्तिको साधन बनाए। उनको कथाले हामीलाई असफलता अन्त्य होइन बरु अवसर हो, जहाँ संघर्षले सफलता निम्त्याउँछ भन्ने सम्झाउँछ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

भेट्रान खेलाडीलाई सलाम

स्वस्थ भए उमेरले छेक्दैन। १८ चैत्र २०८१ नयाँ पत्रिकामा प्रकाशित समाचार अनुसार नेपालका भेट्रान खेलाडीले अन्तर्राष्ट्रिय प्रतियोगितामा रजत र कांस्य पदक जितेर देशको नाम राखेका छन्। थाइल्यान्डको चयांगाईमा सम्पन्न एथलेटिक्स प्रतियोगितामा पुरुष ५५-६० वर्ष समूहमा कृष्णप्रसाद सिग्देलले लङजम्पमा रजत पदक जिते। पुरुष ८०-८५ वर्ष समूहको १५ सय मिटर दौडमा गीर्वाणविक्रम शाह र ५५-६० वर्ष समूहको पाँच हजार मिटर दौडमा सुनील शाक्यले कांस्य पदक जिते। यो सफलता देशकै गर्व हो। भेट्रान खेलाडी उमेरको सीमाभन्दा माथि उठी प्रेरणाको स्रोत बनेका छन्।

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौं

यौनकर्मीका हकबारे नीति खोइ ?

यौनकर्म सम्बन्धित सुजन पन्तको लेखले नेपालमा यौन व्यवसायसम्बन्धी कानुनी अस्पष्टता, सामाजिक पूर्वाग्रह, र नीतिगत अन्योलको गहिरो विश्लेषण गरेको छ। कानुनी पक्ष विस्तृत भए पनि निष्कर्ष भने स्पष्ट छैन। यौनकर्मीका हकबारे ठोस नीतिगत सुझाव दिन सके लेख थप प्रभावकारी हुन्थ्यो। तसर्थ, आगामी लेखमा राज्यको भूमिका र सामाजिक पूर्वाग्रहबारे अझ व्यावहारिक विश्लेषण अपेक्षा गरेका छौं। यौनकर्मजस्तो वर्जित विषयमा कलम चलाएकोमा लेखकलाई धन्यवाद।

● **शर्मिला पाण्डे**
लालबन्दी, सर्लाही

विद्यार्थी राजनीति सुध्रियोस्

देशभरिका क्याम्पसमा विभिन्न राजनीतिक दलका विद्यार्थी संगठनले स्वतन्त्र विद्यार्थी युनियनको चुनाव जितेका छन्। सम्पूर्ण विजयी विद्यार्थीलाई हार्दिक बधाई छ। राजनीतिक चेतना र विचार विद्यार्थीमाझ हुनु वास्तवमा सकारात्मक विषय हो। तर, यति भन्दै गर्दा विद्यार्थी राजनीतिमा देखिएको गुण्डागर्दी, असुली र विध्वंश स्वीकार्य हुँदैन। नयाँ पुस्ता विद्यार्थी नेताले राजनीतिक, सामाजिक, आर्थिक र प्राविधिक क्षेत्रमा बहस चलाएर विद्यार्थी राजनीतिको छवि सुधारून् भन्ने अपेक्षा गर्छु।

● **सीमा चौधरी**
कोठियाघाट, बर्दिया

राजनीतिक दल : सुध्रने कि सक्किने ?

नेपालको वर्तमान राजनीतिक परिदृश्यमा नेता दोषारोपणमै अल्झिएको देखिन्छ। राजनीतिक नेता अरूमाथि आरोप लगाउने, तर आफ्नै कर्तव्यप्रति अनभिज्ञ रहनु नै जनतामा निराशा फैलिनुको मुख्य कारण बनेको छ। लोकतन्त्रलाई बलियो बनाउन सक्ने नेता यदि सम्यमित भएर अगाडि बढ्न सकेका भए यसका विरुद्ध प्रहार गर्ने अवसर कसैले पाउँदैनथ्यो।

हिजो कमल थापाले एक्लैले राजसंस्थाको पक्षमा उभिएको देखिन्थ्यो भने आज विभिन्न राजनीतिक समूह पनि त्यसलाई समर्थन गर्न थालेका छन्। यो प्रवृत्तिलाई गम्भीरताका साथ नलिने हो भने देशलाई ठुलो क्षति हुन सक्छ। राजसंस्थालाई मात्र दोष दिएर कारबाही गर्नेभन्दा दलले आफ्नै कमजोरी सुधार्नु उपयुक्त हुन्छ। लोकतन्त्रमा तानाशाही प्रवृत्ति देखाउनु उचित होइन।


लोकतान्त्रिक मूल्यहरूको रक्षा गर्ने दाबी गर्ने दलहरू सत्ताका लागि मात्रै दौडिरहेभैं देखिन्छन्। आफूलाई लोकतन्त्रवादी भन्नु तर पार्टीभित्र नै एकलौटी शासन चलाउनु कति लोकतान्त्रिक हो ? देशको प्रधानमन्त्री आफैं बन्ने, पार्टी प्रमुख पनि आफैं रहिरहने प्रवृत्तिले लोकतान्त्रिक प्रणालीलाई नै कमजोर बनाउँछ। कुशल नेतृत्व भए मात्र मुलुकमा आमूल परिवर्तन सम्भव छ, तर यहाँ नेताहरूको सोचमै परिवर्तन नआउँदा जनताले निरन्तर सास्ती खेप्नुपरेको छ।

जनताले स्थिर सरकार चाहेका छन्, तर नेताहरूको आपसी प्रतिस्पर्धाले त्यो सम्भव देखिँदैन। सत्य बोल्दा राजावादीको आरोप लागे पनि यथार्थ यही हो– परिवर्तन भाषणले होइन, सोच परिवर्तनले मात्र सम्भव छ।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं

कुनाल कामराबाट सिक्नुपर्छ सञ्चारजगत्ले

कुनाल कामराले आफ्नो हास्यव्यंग्यलाई हतियारका रूपमा प्रयोग गरिरहेका छन् जुन वास्तवमा कमजोर तप्काको प्रतिरोधको अस्त्र हो



देश / विदेश

● अजाज अम्मफ

जसै भारतीय हास्य कलाकार कुणाल कामराको नयाँ भिडियो 'नयाँ भारत' २३ मार्चमा सार्वजनिक भयो भारतीय दर्शक हाँस्न थालेका थिए। र, यसको केही घण्टापछि सोही दिन वासिङटन डिसीस्थित जोन एफ केनेडी सेन्टर फर दी पर्फर्मिङ आर्टस्मा अमेरिकी हास्य पुरस्कार 'मार्क ट्वेन प्राइज फर अमेरिकन ह्युमर' प्रदान गर्ने वार्षिक समारोह आयोजना भइरहेको थियो जसमा कोनान ओ'ब्रायनलाई सम्मानित गरियो। राजनीतिक व्यक्तित्व नभए पनि ओ'ब्रायनले आफ्नो भाषणमा, 'ट्वेनले दादागिरी गर्नेलाई घृणा गर्थे। उनी सधैं शक्ति संरचनामा उपल्लो स्थानमा रहेकामाथि प्रहार गर्थे र उनी कमजोरका लागि गहिरो सहानुभूति राख्थे' भनेका थिए। ट्रम्पलाई दादागिरी गर्ने व्यक्तिका रूपमा इंगित गर्दा दर्शकले हाँस्दै ताली बजाएका थिए।


भारतमा पनि 'वर्षको सबैभन्दा साहसी हास्य पुरस्कार' स्थापना गर्नुपर्ने हो। किनभने यहाँ व्यंग्यकार भिडको हिंसा, ट्रोल सेना, र सत्ताको डरले सताइन्छन्। यी शक्तिहरू प्रायः संगठित रूपमा हास्यव्यंग्य कलाकारलाई चुप लगाउन सक्रिय हुन्छन्। उदाहरणका लागि, मुनब्बर फारुकी र नलिन यादवलाई लिन सकिन्छ। नतिजा धेरै हास्य कलाकारहरूले स्वाभाविक रूपमा सत्ताधारीहरूप्रति आलोचनात्मक व्यंग्य नगर्ने निर्णय लिएका छन्।

बढ्दो असहिष्णुताको पृष्ठभूमिमा कुनाल कामराले 'नयाँ भारत' व्यंग्य प्रस्तुति गरेर विशेष साहस देखाएका छन् जसमा भारतका प्रभावशाली व्यक्तिमाथि 'प्रहार' गरिएको छ। प्रधानमन्त्री नरेन्द्र मोदी, आदित्यनाथ, एकनाथ सिन्दे, अम्बानी, महिन्द्रा, सुधामूर्तिलगायतलाई उनले आफ्नो हास्यव्यंग्यमार्फत प्रहार गरेका छन्। कतिपय दर्शकले यसलाई रमाइलो मानेका छन् भने कतिपय क्रुद्ध भएका छन्। मुम्बईमा प्रहसन आयोजना गरिएको स्थान 'द ह्याबिट्याट'मा आक्रमण गरियो। कामराविरुद्ध मानहानीको उजुरीसमेत दर्ता गरियो।

मानहानीको मुद्दाले केवल हास्यको रमाइलोपन मात्र नभई यसको सारतत्त्वलाई नै जोखिममा पारिरहेको छ। यसै सन्दर्भमा प्राध्यापक थोमस ई. क्रोनिनले आफ्नो लेख 'लाफिङ एट लिडर्स'मा 'राजनीतिक व्यंग्य प्रभावकारी हुन अत्यधिक तिक्त र पक्षपातपूर्ण (अर्थात् कमजोरका पक्षमा) हुन्छ। र, तानाशाहहरूले यसलाई घृणा गर्छन्' लेखेका थिए। क्रोनिनले राजनीतिक हास्यप्रति विभिन्न दृष्टिकोण प्रस्तुत गरेका छन्। यस मामिलामा सिगमन्ड फ्रायडको विचार सबैभन्दा मार्मिक देखिन्छ, उनका अनुसार हास्यव्यंग्य-ठट्टा कमजोरको सत्ताविरुद्धको विद्रोहको संकेत हो। व्यंग्य दबिएका वर्गका लागि एक किसिमको मनोवैज्ञानिक उपचार हो। यसले वास्तविकता परिवर्तन गर्न नसके पनि हास्यमार्फत उनीहरूलाई सत्तासीन व्यक्तिहरूलाई उपहास गर्न पाउँछन् जसले सत्तासीनलाई उनीहरूले चाहेको सम्मान र अधीनस्थ हासिल गर्न कठिन बनाउँछ।

यदि तपाईंले 'नयाँ भारत' हेर्ने दर्शकको प्रतिक्रिया पढ्नुभयो भने कामराले गरेका व्यंग्यप्रति जनसमर्थन कति व्यापक छ भनेर बुझ्न सक्नुहुन्छ। उनले व्यंग्य गरेका सबै नेताहरू भारतीय जनता पार्टी (भाजपा) वा तिनका सहयोगी हुन्। एकातर्फ यसले भारतमा भइरहेको वैचारिक विभाजन देखाउँछ भने अर्कोतर्फ भाजपा सरकारको निरंकुश प्रवृत्तिप्रति असन्तोष प्रकट गर्छ। धेरैले 'बुलडोजर न्याय' भनेर व्याख्या गर्ने शासनशैली वास्तवमा 'बुल्डोजर अन्याय' हो।

त्यसैगरी मूलधारका सञ्चारमाध्यमले मोदी र भाजपालाई खुला रूपमा आलोचना गर्न नचाहेको कारण पनि कामराको व्यंग्य विशेष लाग्छ। उनको हास्य विद्रोहको प्रतीक बनेको छ जसको मूल कारण हो मिडिया संस्थाको मौनता हो। हाल अधिकांश मूलधारका सञ्चारमाध्यमले 'सन्तुलन' कायम गर्ने नाउँमा भाजपालाई सोझो रूपमा


तस्बिर : कुनाल कामराको एक्स पोस्ट

प्रश्न उठाउने प्रयास गर्दैनन्। उदाहरणका लागि एउटा दैनिकले भारतमा संकटकाल लागू हुँदा निर्भीक भएर खबर लेख्थ्यो, तर अहिले प्रधानमन्त्रीका सामान्य अभिव्यक्ति पनि प्रमुख समाचार बन्ने गर्छ। एक अर्को दैनिकमा भाजपालाई असहज पार्ने समाचार प्रायः खण्डनबाट सुरु हुन्छन्। एक प्रतिष्ठित पत्रिकाको सम्पादकीय पृष्ठमा मोदीको नामै नलिई आलोचना गरिएको पनि देखियो। टेलिभिजन च्यानलको अवस्था त झन् सोचनीय छ। यी दैनिकले कुनाल कामराको समर्थनमा सम्पादकीय लेख्ने र सरकारलाई अभिव्यक्ति स्वतन्त्रताको संवैधानिक अधिकारको स्मरण गराए पनि मुख्य प्रश्न के यी संस्था आफैं सरकारको विरोध गर्न सक्छन् ? सबैभन्दा दमनकारी समाजमा पनि बोल्ने अधिकार त सैद्धान्तिक रूपमा रहन्छ, तर त्यहाँ 'बोलिसकेपछि स्वतन्त्र रहने' अधिकार हुँदैन। भारतमा पनि अहिले यही अवस्था देखिएको छ। कामराले व्यंग्यको माध्यमबाट यो शून्यतालाई चिरिरहेका छन्। डिजिटल मिडिया, स्वतन्त्र युट्युब च्यानल, र स्वतन्त्र पत्रकारको सानो समूहले विरोधी स्वरलाई जोगाइरहेका छन् जसले परम्परागत सञ्चारमाध्यमको स्थान लिन थालेका छन्। उनीहरूले आफ्नो स्वतन्त्रता जोखिममा राखेर विरोधको संस्कृतिलाई जीवित राखेका छन्।

तर, कुनाल कामराको व्यंग्य थप प्रभावकारी छ किनभने उनी मानिसलाई हँसाएर फरक मत प्रस्तुत गर्छन्। हास्यव्यंग्य लेखक मार्क ट्वेनले 'हास्यव्यंग्य सत्ताविरुद्धको एक मात्र प्रभावकारी हतियार हो। हास्यव्यंग्यको आक्रमणका कुनै पनि शक्ति टिक्न सक्दैन' भनेका थिए। एउटा उत्कृष्ट विश्लेषणलाई मिथ्या तथ्यद्वारा खण्डन गर्न सकिन्छ, तर कामराको व्यंग्यलाई तर्क वा प्रतिवादद्वारा कमजोर पार्न सम्भव छैन। यदि कसैले उनलाई खण्डन गर्न भिडियो वा वक्तव्य जारी गऱ्यो भने ती व्यक्ति नै हास्यास्पद देखिनेछन्। यही कारणले सत्ताधारीले कामरालाई धम्क्याउने प्रयास गरेका छन्।

कुनाल कामराले आफ्नो हास्यव्यंग्यलाई हतियारका रूपमा प्रयोग गरिरहेका छन् जुन वास्तवमा कमजोर तप्काको प्रतिरोधको अस्त्र हो। उनी झुक्न चाहँदैनन् न त आफ्नो हास्यव्यंग्यका लागि माफी माग्न नै इच्छुक छन्। यसैकारण उनको व्यंग्य सशक्त छ र सत्ताका लागि असह्य बन्दै गएको छ।

(अम्मफ वरिष्ठ पत्रकार र भिमा कोरेगाउँ : च्यालेन्जिङ कास्टका लेखक हुन्)
मिड डेबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

पारस्परिक भन्सार शुल्क घोषणा गर्दै ट्रम्प



वासिङ्टन डिसी/ अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अनुचित व्यापार असन्तुलनलाई सम्बोधन गर्ने गरी 'पारस्परिक भन्सार शुल्क' घोषणा गर्दै छन्। सोमबार ट्रम्पले यस विषयमा टिप्पणी गर्दै करको घोषणा गर्दा व्यापारिक साझेदारप्रति 'धेरै दयालु' हुने बताएका छन्। ट्रम्पले मंगलबार राति यससम्बन्धी घोषणा गर्न सक्ने बताए। रिपब्लिकन पार्टीबाट राष्ट्रपति बनेका ट्रम्पले विश्वको सबैभन्दा ठुलो अर्थतन्त्र आफ्नो मुलुकलाई 'विश्वका हरेक देशले लुटेका'ले पारस्परिक कदम आवश्यक रहेको कुरामा जोड दिएका छन्। उनले पारस्परिक भन्सार कर लागू हुने दिनलाई अमेरिकाको 'मुक्ति दिवस'को संज्ञा दिएका छन्।

■ विश्वव्यापी व्यापार युद्धको जोखिम

आलोचकहरूले यस कदमले विश्वव्यापी व्यापार युद्ध निम्त्याउने चेतावनी दिएका छन्। चीन, क्यानडा र युरोपेली संघ (इयू)जस्ता प्रमुख व्यापारिक साझेदारले जवाफी कदम चाल्ने घोषणा गरिसकेका छन्। चीन र क्यानडाले अमेरिकी सामानमा प्रतिशोधात्मक कर लगाएका छन् भने युरोपेली संघ (इयू)ले अप्रिलमा सुरु हुने आफ्नै उपाय घोषणा गरेको छ। भियतनामले कार, तरलीकृत ग्यास र केही कृषि उत्पादनलगायत विभिन्न वस्तुमा आयात कर कटौती गरेको बताएको छ। जापानले अमेरिकी करबाट प्रभावित व्यवसायका लागि करिब एक हजार 'परामर्श केन्द्र' स्थापना गर्ने बताएको छ। जर्मन चान्सलर ओलाफ स्कोल्जले इयूले ट्रम्पप्रति दृढतापूर्वक प्रतिक्रिया दिने, तर सम्झौताका लागि खुला रहेको बताए।

त्यस्तै, सम्भावित अमेरिकी कदमलाई मध्यनजर राख्दै एसियाका तीन ठुला अर्थतन्त्र चीन, दक्षिण कोरिया र जापानले एकआपसबिच स्वतन्त्र व्यापारलाई बलियो बनाउन सहमति जनाएका छन्। तीन मुलुकमध्ये जापान र दक्षिण कोरिया अमेरिकाका नजिकका सहयोगी हुन्। अमेरिकी कठोर नीतिले उसका अन्य सहयोगीहरू पनि बेइजिङतर्फ धकेल्ने बहस हुन थालेको छ। ह्वाइट हाउसका प्रेससचिव क्यारोलिन लेभिटले बुधबार 'प्रत्येक देशलाई लक्षित गर्ने भन्सार कर' घोषणा गर्ने लक्ष्य रहेको बताइन्। उता, ट्रम्पले भने क्षेत्रलक्षित कर लगाउने बताएका छन्। यस अनिश्चिततासँग प्रमुख युरोपेली र एसियाली सूचकांकमा असर परेको छ। आइतबार ट्रम्पले आफ्नो नयाँ भन्सार करमा 'सबै देश' समावेश हुने बताएपछि सेयर बजार 'नर्भसनेस' तीव्र भएको थियो।

एकपछि अर्को आयात सामाग्रीमाथि भन्सार बढाउने ट्रम्पको निर्णयले अमेरिकामा मन्दी आउन सक्ने डर बढाएको छ। गोल्डम्यान स्याक्स विश्लेषकहरूले आफ्नो १२ महिने मन्दीको सम्भावना २० प्रतिशतबाट ३५ प्रतिशतमा बढाएका छन्। देशलक्षित पारस्परिक भन्सार करबाहेक पनि ट्रम्पले औषधि र सेमिकन्डक्टरजस्ता क्षेत्रलक्षित गरी कर घोषणा गर्न सक्ने सम्भावना छ। उनले पहिले नै अमेरिका आयात हुने सबै प्रकारका सवारीसाधनमाथि भन्सार बढाइसकेका छन्। यो कर पनि बिहीबारबाट कार्यन्वयनमा जाँदै छ। केही अमेरिकी व्यापार साझेदारहरूले भन्सार कर लाग्नबाट बच्न कदम चाल्न थालेका छन्। जस्तो, भारतले अमेरिकी सामानमाथि लाग्ने केही कर कम गर्न सक्ने संकेत गरेका छन्।

इतिहासमा आज

अप्रिल २

सन् १८६५ : अमेरिकन गृहयुद्धको क्रममा 'कन्फेडरेट स्टेट अफ अमेरिका'को राजधानी रिचमन्ड(जुन हालको भर्जिनिया राज्यमा पर्छ) संयुक्त राज्य अमेरिकाको फौजले कब्जा लिएसँगै त्यहाँका राष्ट्रपति जेफरसन डेभिसलगायत शीर्ष सरकारी पदाधिकारी भागे।

सन् १९१७ : अमेरिकी राष्ट्रपति बुड्रो विल्सनले अमेरिकी कंग्रेसको संयुक्त बैठकलाई सम्बोधन गर्दै जर्मनीविरुद्ध युद्ध घोषणा गर्न माग राखे।

सन् १९७० : भारतको उत्तरपूर्वी राज्य आसामभित्र स्वशासित राज्य रहने गरी मेघालयको सीमांकन गरियो। दुई वर्षपछि जनवरी २१ मा सो क्षेत्रलाई पूर्ण राज्यको मान्यता दिइएको थियो।

सन् १९८२ : अर्जेन्टिनाको सेनाले बेलायतको ओभरसिज टेरिटोरी फकल्यान्ड टापुमाथि आक्रमण गरेर कब्जामा लिएसँगै 'फकल्यान्ड युद्ध' सुरु भयो।

सन् २०१३ : संयुक्त राष्ट्रसंघको महासभाले विश्वमा पहिलोपटक हतियार व्यापार प्रतिबन्ध लगाउने सन्धि अनुमोदन गऱ्यो। युद्ध अपराध र मानव अधिकार हननविरुद्धका प्रयोग हुने हतियार नियन्त्रण गर्ने उद्देश्य राखिएको सन्धिको नाम 'द आर्म्स ट्रेड ट्रिटी' थियो।

सन् २०१९ : व्यापक जनविरोधपछि ८२ वर्षीया अल्जेरियाली राष्ट्रपति अब्देलअजिज बुटेफ्लिकाले २० वर्ष लामो शासनपछि राजीनामा दिए।

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको गैह्र बैंकिङ्ग सम्पत्तिको रूपमा रहेको धितो बिक्री सम्बन्धी गोप्य बोलपत्र आह्वान

(प्रकाशित मिति : २०८१/१२/२०)

यस बैंकको गैह्र बैंकिङ्ग सम्पत्तिको रुपमा रहेको तपशिलमा उल्लेखित घर/जग्गाहरु बढाबढ मूल्यमा बिक्री गरिने भएको हुनाले उक्त घर/जग्गाहरु खरिद गर्न इच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले **१५ (पन्ध्र) दिन भित्रमा** कार्यालय समयभित्र यस बैंकको गैह्र बैंकिङ्ग सम्पत्ति विभाग, दरबारमार्ग, काठमाण्डौं वा यस बैंकका शाखा कार्यालयहरुमा आईपुग्ने गरी के कति दररेटमा उक्त घर/जग्गाहरु लिन कबुल गरेको हो सो खुलाई शर्त बन्देजहरुको अधिनमा रही सो सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन इच्छुक सबैलाई आह्वान गरिन्छ। उक्त अवधिभित्र पर्न आएका बोलपत्रहरु स्थानीय निकायका प्रतिनिधि, नेपाल सरकारका प्रतिनिधि, बोलपत्रदाता वा बोलपत्रदाताको आधिकारिक प्रतिनिधिहरुको रोहबरमा तल उल्लेखित मिति, समय र स्थानमा खोलिने छ।

तपशिल

बोलपत्र पेश गर्ने अन्तिम मिति :२०८२ बैशाख ३ गते बुधवार।
बोलपत्र खोलिने मिति : २०८२ बैशाख ४ गते बिहीवार।
समय : दिउँसो २:०० बजे।
स्थान : नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड, दरबारमार्ग, काठमाडौं ।

गैह्र बैंकिङ्ग सम्पत्तिको विवरण

१. यस बैंकको नाममा मालपोत कार्यालय ललितपुरमा दर्ता कायम रहेको ललितपुर जिल्ला, छम्पी वडा नं. ६ ग स्थित कि.नं. ३५ को क्षेत्रफल ३-१०-०-० रोपनी भएको घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।

२. यस बैंकको नाममा मालपोत कार्यालय बाँकेमा दर्ता कायम रहेको बाँके जिल्ला, कोहलपुर नगरपलिका वडा नं. ५ ङ स्थित कि.नं. ४५४ को क्षेत्रफल ०-४-१९.५० बिगाहा भएको घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।

३. यस बैंकको नाममा मालपोत कार्यालय कलंकीमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, बलम्बु वडा नं. ६ क स्थित कि.नं. १११० को क्षेत्रफल ०-३-०-० रोपनी भएको घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।

बोलपत्र फाराम यस बैंकको गैह्र बैंकिङ्ग सम्पत्ति विभाग, दरबारमार्ग काठमाण्डौं वा यस बैंकका शाखा कार्यालयहरुबाट रु. १,०००/- (अक्षरेपी एक हजार रुपैयाँ मात्र) तिरी खरिद गर्न सकिनेछ। अन्य सम्पूर्ण शर्तहरु बोलपत्र फाराममा समावेश गरिएको छ।

विस्तृत जानकारीको लागी यस बैंकको गैह्र बैंकिङ्ग सम्पत्ति विभाग, दरबारमार्ग काठमाडौंमा सम्पर्क गर्नुहुन अनुरोध छ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

केन्द्रिय कार्यालय, दरबारमार्ग काठमाण्डौं
फोन नं.:- ५३२८२२९, ५३४२५३०
फ्याक्स:- ४२२६३४९, ४२२८९२७
ई-मेल : info@nibl.com.np

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

आन्तरिक राजस्व कार्यालय महाराजगञ्ज

लाजिम्पाट, काठमाडौं

आयकर तथा मूल्य अभिवृद्धि कर बक्यौता रकम दाखिला गर्ने सम्बन्धी अत्यन्त जरूरी सूचना

प्रकाशित मिति : २०८१/१२/२०

यस कार्यालयको कार्यक्षेत्र अन्तर्गत दर्ता रही कारोबार गरिरहेका तपसिल बमोजिमका करदाताहरुको आन्तरिक राजस्व विभागको Integrated Tax System मा रहेको अभिलेख बमोजिम आयकर तथा मूल्य अभिवृद्धि कर बक्यौता रकम दाखिला गर्न करदाताले KYT मार्फत अध्यावधिक गराए बमोजिम कार्यालयको अभिलेखमा उपलब्ध भएको टेलिफोन तथा मोबाइल नम्बरमा सम्पर्क र उल्लेखित ठेगानामा हुलाक मार्फत पत्राचार गर्दा समेत करदाताले बक्यौता रकम दाखिला नगरेको साथै बक्यौता रकम दाखिला गर्न SMS मार्फत पुनः ताकेता गरिएकोमा सो समेतबाट पनि कर बक्यौता रकम दाखिला गरेको प्रमाण पेश हुन नआएको हुँदा तिर्न बुझाउन बाँकी रहेको आयकर तथा मूल्य अभिवृद्धि कर बक्यौता रकम सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र दाखिला गर्नुहुन वा यस अधि नै दाखिला गरेको भए दाखिलाको प्रमाण यस कार्यालयमा पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। तोकिएको अवधिभित्र बक्यौता रकम दाखिला नगर्ने करदाता उपर आयकर ऐन, २०५८ को दफा १०३ देखि १११ सम्म कुनै वा सबै तथा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २१ को उपदफा (१) बमोजिम बक्यौता रकम असुल उपर गर्न कानूनी कारवाहीको प्रक्रिया अगाडी बढाई बक्यौता असुल उपर गरिने व्यहोरा सम्बद्ध सबैलाई जानकारी गराईन्छ।

तपसिलः

क्र.सं.	स्था.ले.नं.	करदाताको नाम	बक्यौताको प्रकार
१	६०४३३९९५७	एन. इ. एस. इन्टरप्राइजेज प्रा. लि.	आयकर/मूल्य अभिवृद्धि कर
२	६०१०५५३००	क्लासिक इण्डष्ट्रिज प्रा. लि.	आयकर/मूल्य अभिवृद्धि कर
३	६००५८९१०७	द स्पेसल कमाण्डो फोर्स सेक्युरिटी प्रा. लि.	मूल्य अभिवृद्धि कर
४	३०००५५०४१	एकजीम नेपाल प्रा. लि.	आयकर/मूल्य अभिवृद्धि कर
५	६०१५९४८४१	मनमानेश्वरी इन्टरप्राइजेज	आयकर/मूल्य अभिवृद्धि कर
६	६०५०४१२१७	सुन्नीभा लिकर शप	आयकर/मूल्य अभिवृद्धि कर
७	३०००८५१९८	युनिभर्सल सप्लाई एजेन्सी प्रा.लि.	आयकर/मूल्य अभिवृद्धि कर
८	३०४५६४६१७	प्लाटिनम इन्टरनेशनल नेटवर्क फर एजुकेशन प्रा.लि.	आयकर
९	६०१५९९०३९	हिम्डुङ एण्ड थोकर/हिरा एण्ड नमीता जे.भी.	आयकर/मूल्य अभिवृद्धि कर
१०	५००१८६७४३	आरती एण्ड कम्पनी	आयकर/मूल्य अभिवृद्धि कर
११	६०९७८१७३३	हिरण्य ब्रदर्स इन्टरप्राइजेज प्रा.लि	आयकर/मूल्य अभिवृद्धि कर
१२	६०६९७३६६९	सूर्य । वाईवा कन्स्ट्रक्शन जे.भी	मूल्य अभिवृद्धि कर
१३	६०१५९६००१	सिद्धि लक्ष्मी प्लाजा प्रा. लि.	आयकर
१४	६००२५४९३७	स्वस्तिक ईन्टरनेशनल ट्रेड एण्ड कन्स्ट्रक्सन कम्पनी	आयकर/मूल्य अभिवृद्धि कर
१५	३०२४४७९७८	क्षमादेवी इन्टरनेशनल प्रा.लि.	आयकर/मूल्य अभिवृद्धि कर
१६	३०३९६१५४३	झरना कन्स्ट्रक्सन कम्पनी प्रा.लि.	मूल्य अभिवृद्धि कर
१७	६००५५०८७३	नेलिसा ग्रिल वर्कशप	मूल्य अभिवृद्धि कर
१८	६१०२४९६६२	लास्ट बाईट प्रा. लि.	मूल्य अभिवृद्धि कर
१९	६०९६०५४८४	पारीगाँउ रोधी घर प्रा.लि.	मूल्य अभिवृद्धि कर
२०	६०५९९५३२७	मोर्डनलिटी एक्टिभ सप्लायर्स प्रा.लि.	आयकर/मूल्य अभिवृद्धि कर
२१	६०५९५७४३७	ए. बि. ईन्भेष्टमेन्ट होल्डिङ्ग प्रा.लि.	मूल्य अभिवृद्धि कर
२२	३०३२३६६२५	एमोश ट्रेडर्स	आयकर/मूल्य अभिवृद्धि कर
२३	६०६७६७७४९	बेयुल एक्सपिरिएन्सेज प्रा.लि.	मूल्य अभिवृद्धि कर
२४	६०३५१२२६५	कान्तिपुर होलिडेज प्रा.लि.	मूल्य अभिवृद्धि कर
२५	३०२८१८२२८	निकिता ईन्जिनियरिङ कन्स्ट्रक्सन कम्पनि प्रा.लि.	आयकर/मूल्य अभिवृद्धि कर
२६	३०३६२८६९१	हिमढुङ्गा एण्ड थोकर/जयरक्तकाली कन्स्ट्रक्सन जे.भी.	मूल्य अभिवृद्धि कर
२७	६१११५०६४२	कालिका - रसुवा - लुम्बिनी जे.भी.	आयकर
२८	३०४३१८९६२	अल सहेली मेनपावर प्रा. लि.	आयकर
२९	६०४२९३८४८	माँ गौरी अदिश्री फुड्स प्रा.लि.	मूल्य अभिवृद्धि कर
३०	६०३८१३५३७	खैरे इन्टरनेशनल विजनेश	आयकर/मूल्य अभिवृद्धि कर
३१	६१०३०५६८७	चेतक इन्जिनियरिङग प्रा .लि	मूल्य अभिवृद्धि कर
३२	६००३०७३७८	जि. एस. जि. ईन्भेष्टमेन्ट प्रा. लि.	मूल्य अभिवृद्धि कर
३३	६०३६०४७७९	ब्ल्याक क्याट एक्सपोर्ट एण्ड इम्पोर्ट प्रा.लि.	आयकर
३४	६०६६१७८५७	इन्टरनेशनल फ्रेट लोजिष्टिक्स प्रा.लि.	आयकर
३५	३०२८८२७३९	गील्ट इन्भेस्टमेन्ट प्रा. लि.	आयकर
३६	६०६९०३८६४	ल्यांग्वेज हब् प्रा. लि.	आयकर/मूल्य अभिवृद्धि कर
३७	६००५५५४८९	ग्रेटफुल सेक्युरिटी सर्भिसेज प्रा.लि.	आयकर/मूल्य अभिवृद्धि कर
३८	३०३७३४०९७	अपि हिमालय इन्टरनेशनल प्रा.लि.	आयकर/मूल्य अभिवृद्धि कर
३९	६०१८७९००३	बिजय फर्निचर प्रा लि	मूल्य अभिवृद्धि कर
४०	३०००६२५५३	सागर मेटल इण्डष्ट्रिज प्रा. लि.	आयकर/मूल्य अभिवृद्धि कर
४१	३०२९६६२३३	एवल नेपाल ट्राभल्स एण्ड टुर्स प्रा.लि.	मूल्य अभिवृद्धि कर
४२	३०३२३०९३९	राजधानी मिडिया एड प्रा. लि.	मूल्य अभिवृद्धि कर
४३	५००२२१२२२	शिवपुरी भिलेज इको टुरिजम एण्ड कन्जरभेशन फार्म (प्रा)लि.	मूल्य अभिवृद्धि कर
४४	१०८६७००६४	प्रेसीडेन्टल क्याफे	मूल्य अभिवृद्धि कर
४५	३०४५८६२०४	के.बि.एस.इन्टरनेशनल प्रा.लि.	मूल्य अभिवृद्धि कर
४६	३०००९२७३२	बज्रगुरु कन्स्ट्रक्सन कंपनी प्रा.लि. र सुपर शेर्पा कन्स्ट्रक्सन	मूल्य अभिवृद्धि कर
४७	३०४५८१९२६	बोखिम/एटलस/गौरा कन्स्ट्रक्सन जे.भि.	मूल्य अभिवृद्धि कर
४८	३०००४६४३०	सेल इन प्रा.लि.	मूल्य अभिवृद्धि कर
४९	६१०१४६१९४	बेलेसिका एक्जिम प्रा.लि.	मूल्य अभिवृद्धि कर
५०	६०४२७७७१२	होटल बडी प्रा.लि.	आयकर/मूल्य अभिवृद्धि कर
५१	६०४२४७३३७	निमार्ण ईट्टा तथा टायल उद्योग	आयकर/मूल्य अभिवृद्धि कर
५२	६०३५९०९६४	ग्यालेक्सी बिजनेस ट्रेडिङ्ग प्रा.लि.	आयकर/मूल्य अभिवृद्धि कर
५३	६०१४६७५०७	ऐम्बेसी रेष्टुरेन्ट एण्ड बार प्रा.लि.	मूल्य अभिवृद्धि कर
५४	६०९५७९२५९	ट्यामरिन्ड खाजा घर प्रा.लि.	मूल्य अभिवृद्धि कर
५५	३०५९९७५२०	श्री दावा । लो लामा । युनिकर्न जे.भी.	आयकर/मूल्य अभिवृद्धि कर
५६	६००४१९२८०	रिसोर्ट नेपाल प्रा. लि.	मूल्य अभिवृद्धि कर
५७	५००१६८४३१	सर्भिङ्ग माइन्डस् प्रा. लि.	आयकर/मूल्य अभिवृद्धि कर
५८	६०६१९३०८९	वाईवा । कान्छाराम कन्स्ट्रक्शन जे.भी.	मूल्य अभिवृद्धि कर
५९	३०२१४१७६२	न्यू श्री गणेश ईन्टरप्राईजेज	आयकर/मूल्य अभिवृद्धि कर
६०	६०५९९०७३७	राइट फाइन इण्डष्ट्रिज प्रा.लि.	आयकर/मूल्य अभिवृद्धि कर
६१	६०७६१३८४५	श्रेष्ठ । मोतीदान । सपना जे.भी.	आयकर
६२	६०९९८९१४८	लक्ष्मी मुमताज मल्टि ट्रेड प्रा.लि.	आयकर/मूल्य अभिवृद्धि कर
६३	६०१६१००३१	आर एण्ड डि सप्लायर्स	आयकर/मूल्य अभिवृद्धि कर
६४	६०४७९०३९४	गरिमाज इन्टरप्राइजेज	मूल्य अभिवृद्धि कर
६५	३०४३१८८४३	ई एक्स एण्ड आई एम ट्रेडर्स	आयकर/मूल्य अभिवृद्धि कर
६६	६०३५२५३८६	विश्वास मल्टिप्रपोज प्रा.लि.	मूल्य अभिवृद्धि कर
६७	६०६५६५३२९	फ्रेन्ड्स कफि प्वाइन्ट प्रा.लि.	मूल्य अभिवृद्धि कर
६८	६००६३४६४७	भाष्ट विन इन्जिनियरिङग कन्सल्टेन्सी प्रा.लि.	आयकर/मूल्य अभिवृद्धि कर
६९	६०९६६३४४४	थाप्ले बिल्डर्स एण्ड सप्लायर्स प्रा. लि.	मूल्य अभिवृद्धि कर
७०	६०२४८९०६५	डायमण्ड इलेक्ट्रोनिक्स प्रा.लि.	मूल्य अभिवृद्धि कर
७१	६०२६८०२०२	श्री पि.के. इन्टरप्राइजेज	आयकर/मूल्य अभिवृद्धि कर
७२	६०२३९३२९२	साकुरा निर्माण सेवा प्रा. लि.	आयकर/मूल्य अभिवृद्धि कर
७३	६०४९२२६६५	लक्की ट्रेड लिंक	आयकर/मूल्य अभिवृद्धि कर
७४	३०४३२१८७४	माउन्टेन गेयर ट्रेडिङ्ग प्रा. लि.	मूल्य अभिवृद्धि कर
७५	६०४३७५२१४	बराह क्षेत्र ट्रेडर्स प्रा. लि.	आयकर/मूल्य अभिवृद्धि कर
७६	६००९६२२१८	एकुरेट सप्लायर्स	आयकर/मूल्य अभिवृद्धि कर
७७	६०४२३३४६४	हिमालयन टाइम्स मिडिया इन्टरटेनमेन्ट एण्ड टेक लि.	आयकर/मूल्य अभिवृद्धि कर
७८	६००३०१११६	एम.एस निर्माण सेवा	आयकर/मूल्य अभिवृद्धि कर
७९	३००१४११२६	पेपरलेस सोलुसन प्रा.लि	मूल्य अभिवृद्धि कर
८०	६११७०७९१६	गिता बोरवेल प्रा.लि.	मूल्य अभिवृद्धि कर
८१	६०५९४१४६५	परिता निर्माण सेवा प्रा. लि.	आयकर/मूल्य अभिवृद्धि कर
८२	३०४५८१३७३	आशिर्वाद स्यानेटरी	आयकर/मूल्य अभिवृद्धि कर
८३	६०५९६३०९४	फेमिकेयर मार्केटिङ्ग प्रा. लि.	मूल्य अभिवृद्धि कर
८४	६०७७७०५५१	आरती एण्ड कम्पनी	मूल्य अभिवृद्धि कर
८५	३०३८११६९३	शेयर वजार	मूल्य अभिवृद्धि कर
८६	६१३३७७११७	भरोसा क्रियसन	मूल्य अभिवृद्धि कर
८७	६०९८४४९१३	आहा ईण्डष्ट्रियल कम्पनी प्रा.लि.	आयकर/मूल्य अभिवृद्धि कर
८८	६००५८९८३७	रिभर्स सेक्युरिटी सर्भिस प्रा.लि.	मूल्य अभिवृद्धि कर
८९	५०००५७९६६	इन्द्रेणी व्याङ्केट एण्ड रेण्टुरेन्ट	मूल्य अभिवृद्धि कर
९०	६०३५८२६४२	सप्लाई सपोर्ट प्रा.लि.	मूल्य अभिवृद्धि कर

अर्थ पत्रिका
नयाँ पत्रिका
बुधबार २० चैत ०८१

मार्चमा ५ प्रतिशतले घटे पर्यटक

भारतीय, चिनियाँ र युरोपेली घटे, अमेरिकन र श्रीलंकन बढे



मार्चमा धेरै पर्यटक भित्रिने प्रमुख १० देश

भारत : २१,४१२	थाइल्यान्ड : ४,९८६
चीन : ११,४४३	जर्मनी : ४,७०९
युएसए : ११,०९२	अस्ट्रेलिया : ४,२२८
श्रीलंका : ८,८८६	म्यानमार : ३,७५४
युके : ५,९९५	बंगलादेश : ३,५७६

नवीन अर्याल/नयाँ पत्रिका

नेपाल घुम्न आउने विदेशी पर्यटक घटेका छन् । अघिल्लो वर्षको मार्चको तुलनामा यस वर्षको मार्चमा पर्यटक आगमन ५ प्रतिशतले घटेको पर्यटन बोर्डको तथ्यांकले देखाएको छ ।

मार्च महिनामा विभिन्न देशबाट एक लाख २१ हजार ६ सय ८७ पर्यटक नेपाल भ्रमणमा आएको पर्यटन बोर्डले जनाएको छ । अघिल्लो वर्ष मार्च २०२४ मा एक लाख २८ हजार एक सय ६७ पर्यटक घुम्न आएका थिए । यस वर्ष भारतीय र युरोपेली देशका पर्यटक घटेपछि पर्यटन क्षेत्र प्रभावित भएको छ । महँगो हवाईभाडा नै नेपाली पर्यटनमा सबैभन्दा ठुलो चुनौती बनेको म्यारियट होटेलका अध्यक्ष शशिकान्त अग्रवालले बताए ।

नेपालमा सबैभन्दा धेरै पर्यटक भारतबाट आउने गर्छन् ।

■ कुन महिना कति पर्यटक ?

महिना	सन् २०२४	सन् २०२५
जनवरी	७९,१००	७९,९९१
फेब्रुअरी	९७,४२६	९६,८८०
मार्च	१,२८,१६७	१,२१,६८७
कुल	३,०४,६९३	२,९८,५५८



तर, मार्चमा भारतबाट २१ हजार चार सय १२ पर्यटक घुम्न आएका छन् । अघिल्लो वर्षको मार्चमा ३० हजार ६ सय ९८ भारतीय नेपाल आएका थिए । दुई ठुला बस दुर्घटना (भारतीय पर्यटक सवार) र अविरल वर्षाले देशभर बाढीपहिरो जाँदा घटेका भारतीय पर्यटक अझै बढ्न सकेका छैनन् ।

भारतीय पर्यटक घट्नुमा पनि चर्को हवाईभाडा, आन्दोलन, सडक दुर्घटनालगायत कारण रहेको म्यारियटका अध्यक्ष अग्रवालको ठम्याइ छ । उनले भने, 'भारतीय पर्यटकलाई प्लेन चढेर नेपाल घुम्न आउनुभन्दा थाइल्यान्ड जान सस्तो पर्छ, महँगो हवाई यात्रा गरेर किन नेपाल आउँछन् ?'

भारतीय पर्यटक घटेपछि मार्चमा सार्कबाट नेपाल घुम्न आउने पर्यटक १३.४ प्रतिशतले घटेको देखिएको छ । सार्क मुलुकबाट अघिल्लो मार्चमा ४० हजार सात सय २७ पर्यटक नेपाल भित्रिएकोमा यस वर्षको सोही महिनामा ३५ हजार दुई सय ८७ मात्रै पर्यटक भित्रिएका छन् । युरोपेली देशबाट घुम्न आउने पर्यटकको संख्या १०.५ प्रतिशतले घटेको छ ।

अघिल्लो मार्चमा युरोपबाट २८ हजार सात सय ४७ पर्यटक घुम्न आएकोमा यो मार्चमा २५ हजार सात सय ४२ पर्यटक मात्र आएका छन् ।

■ बढे अमेरिकी पर्यटक

अरू देशहरूबाट नेपाल आउने पर्यटक घट्दा अमेरिका र मध्यपूर्वका पर्यटक भने बढेका छन् । गत मार्चमा अमेरिकी देशहरूबाट १३ हजार चार सय ५७ पर्यटक नेपाल घुम्न आएकामा यस वर्षको मार्चमा १३ हजार नौ सय सात पर्यटक आएका छन् । संयुक्त राज्य अमेरिका (युएसए)बाट मात्रै ११ हजार ९२ पर्यटक भित्रिएको तथ्यांक छ । मार्चमा मध्यपूर्वी देशबाट दुई हजार सात सय ३२ पर्यटक भित्रिएपछि ७९ प्रतिशतको वृद्धि देखिएको छ । अन्य एसियाली देशहरू, ओसियाना, अफ्रिकनलगायत देशबाट आउने पर्यटक पनि मार्चमा घटेको देखिन्छ । युरोपेली युनियन (इयू)ले नेपालको उड्डयन क्षेत्रलाई कालोसूचीमा राखेका कारण पनि युरोपबाट उल्लेख्य पर्यटक भित्र्याउन नसकिएको पर्यटन व्यवसायी बताउँछन् । सन् २०२४ मा भएका ठुला हवाई दुर्घटना (जहाज र हेलिकोप्टर) र सडक दुर्घटनाले पनि पर्यटक आगमनमा प्रभाव पारेको छ ।


■ मार्चमा कुन देशबाट कति पर्यटक ?

भारतीय पर्यटक आगमन घटे पनि कुल पर्यटक संख्यामा भारतीयको हिस्सा सबैभन्दा धेरै रहेको छ । मार्चमा भारतबाट २१ हजार चार सय १२ पर्यटक घुम्न आएका छन् । चीनबाट ११ हजार चार सय ४३, युएसएबाट ११ हजार ९२, श्रीलंकाबाट आठ हजार आठ सय ८६, युकेबाट पाँच हजार नौ सय ९५ पर्यटक, थाइल्यान्डबाट चार हजार नौ सय ८६, जर्मनीबाट चार हजार सात सय नौ, अस्ट्रेलियाबाट चार हजार दुई सय २८, म्यानमारबाट तीन हजार सात सय ५४, बंगलादेशबाट तीन हजार पाँच सय ७६ पर्यटक नेपाल घुम्न आएका छन् ।

एमसिसीको २९७ किमि प्रसारणलाइन बनाउन नौ कम्पनीको प्रस्ताव

लागत अनुमानभन्दा एक करोड ३९ लाख डलर कम देखियो न्यूनतम वित्तीय प्रस्ताव

एमसिसीले अनुदानलाई निरन्तरता दिने या नदिने विषयमा २८ अप्रिल अर्थात् १५ वैशाखमा जानकारी दिने, अनुदान निरन्तरता नदिएमा आफ्नै बजेटमा परियोजना बनाउने नेपाल सरकारको योजना



मिलन विश्वकर्मा/नयाँ पत्रिका

मिलिनियम च्यालन्ज कर्पोरेसन (एमसिसी) अनुदानमा बन्ने बाँकी दुई सय ९७ किलोमिटर लामो तीन प्रसारणलाइन बनाउन नौ कम्पनीले प्रस्ताव पेस गरेका छन् । मिलिनियम च्यालेन्ज एकाउन्ट नेपाल विकास समिति (एमसिए-नेपाल)ले प्रसारणलाइनलाई तीन लटमा विभाजन गरेर १२ मंसिरदेखि ७ फागुनसम्म ग्लोबल टेन्डर आह्वान गरेको थियो । त्यसमा नेपाल, भारत, चीन र टर्कीका नौ कम्पनीले प्रस्ताव पेस गरेका छन् ।

एक सय १७ किमि लामो लप्सीफेदी-रातमाटे-न्यु हेटौंडालाई लट-१, ९० किमि लामो रातमाटे-न्यु दमौलीलाई लट-२ र ९० किमि लामो न्यु दमौली-न्यु बुटवललाई लट-३ मा राखेर ग्लोबल टेन्डर आह्वान गरिएको थियो । त्यसमा दुई कम्पनीले तीनवटै लटमा र दुई कम्पनीले दुई-दुईवटा लटमा र बाँकी पाँच कम्पनीले एक-एक प्रस्ताव पेस गरेका छन् ।

२ फागुनमा अमेरिकाले एमसिसी अनुदान स्थगित गर्दै तत्काल कुनै काम नगर्न भनेको थियो । एमसिए नेपालले भने बोलपत्रको म्याद सकिए पनि त्यसको जानकारी सार्वजनिक गरेको थिएन । तर, गत ८ चैतमा एमसिसीले बोलपत्र र कार्यालय सञ्चालनसम्बन्धी काम गर्न स्वीकृति दिएपछि एमसिए नेपालले प्रस्ताव पेस गर्ने कम्पनीको विवरण सार्वजनिक गरेको हो ।

एमसिसीले अनुदानलाई निरन्तरता दिने या नदिने विषयमा २८ अप्रिल अर्थात् १५ वैशाखमा जानकारी दिनेछ । एमसिसीले अनुदान निरन्तरता नदिएमा आफ्नै बजेटमा परियोजना बनाउने नेपाल सरकारको योजना छ ।

■ न्यूनतम वित्तीय प्रस्ताव २५ करोड डलर, अनुमानित लागतभन्दा पनि कम

यी तीन लटमा प्राप्त न्यूनतम वित्तीय प्रस्तावको योगफल २५ करोड तीन लाख ६५ हजार डलर देखिएको छ, जुन एमसिए नेपालले गरेको अनुमानित लागतभन्दा कम हो । एमसिए नेपालले यी तीन प्रसारणलाइनको संशोधित लागत अनुमान २६ करोड ४२ लाख डलर थियो । तीन लटमा आएको न्यूनतम वित्तीय प्रस्तावहरूको योगफल एक करोड ३९ लाख डलर कम रहेको छ ।

यसअघि न्यूनतम वित्तीय प्रस्ताव अनुमानित लागतभन्दा ६५ प्रतिशत बढी थियो । त्यही कारण टेन्डर प्रक्रिया रद्द गरिएको थियो ।

एमसिसी अनुदानमा चार सय केभीका तीन सय १५ किमि लामा चार प्रसारणलाइन बन्दै छन् । त्यसको निर्माणका लागि पहिलोपटक १२ मंसिर ०७९ देखि ७ जेठ ०८० सम्म ग्लोबल टेन्डर आह्वान गरिएको थियो । त्यसमा कम्पनीहरूले प्रस्ताव गरेको न्यूनतम वित्तीय प्रस्ताव अनुमानित लागतभन्दा ६५ प्रतिशत महँगो टेन्डर रद्द गरिएको थियो ।

त्यसवेला चार प्रसारणलाइनको लागत अनुमान २२ करोड ६ लाख डलर थियो । तर, टेन्डरमा आएको न्यूनतम वित्तीय प्रस्ताव भने ३६ करोड ५९ डलर थियो । त्यसपछि एमसिए नेपालले २६ असोज ०८० मा उक्त टेन्डर रद्द गरेको थियो । त्यसको १५ महिनापछि एमसिए नेपालले पुनः टेन्डर आह्वान गरेको थियो । पहिलाको भन्दा डिजाइन परिवर्तन गरेर टेन्डर आह्वान गरिएको थियो ।

१८ किलोमिटर लामो चार सय केभी क्षमताको 'न्यु बुटवल-नेपाल/भारत सीमा' प्रसारणलाइन बनाउन भने १४ भदौमा भारतको ट्रान्सरेल लाइटिङ लिमिटेडसँग ठेक्का सम्झौता भइसकेको छ । एक करोड २३ लाख ६० हजार डलरमा कम्पनीसँग ठेक्का सम्झौता गरिएको थियो । त्यसपछि बाँकी दुई सय ९७ किमि प्रसारणलाइनको टेन्डर आह्वान गरिएको थियो ।

एमसिसीको ५५ करोड डलर अनुदान र नेपाल सरकारको १९ करोड ७० लाख डलरमा चार सय केभी क्षमताका तीन सय १५ किमि लामो चार प्रसारणलाइन, चार सय केभी क्षमताका तीन सबस्टेसन, पूर्व-पश्चिम राजमार्गको धानखोला-लमही ४० किमि सडकखण्ड र मुग्लिन-नारायणगढ सडकलाई विशेष रूपमा मर्मत गर्रिदै छ ।

हालसम्म एक प्रसारणलाइन र तीन सबस्टेसन निर्माणका लागि ठेक्का सम्झौता भइसकेको छ । अहिले ४० किमि लामो धानखोला-लमही खण्डको मर्मत गर्न ठेकेदार कम्पनी छनोट गर्ने प्रक्रियामा छ । यो दुई सय ९७ किमिको प्रसारणलाइन पनि टेन्डर प्रक्रियामै छ । मुग्लिन-नारायणगढ सडक मर्मतका लागि भने ठेक्का आह्वान हुन बाँकी थियो ।

कुन लटमा कसको कति प्रस्ताव ?

लट-१ मा ६ आवेदन, न्यूनतम वित्तीय प्रस्ताव चिनियाँ कम्पनीको

लट-१ अर्थात् एक सय १७ किमि लामो लप्सीफेदी-रातमाटे-न्यु हेटौंडा प्रसारणलाइन बनाउन ६ कम्पनीको प्रस्ताव आएको छ । त्यसमा नेपालका आशिष-बोजलार जेभीले १६ करोड १४ लाख ९४ हजार डलर र सगुन-सलार जेभीले ११ करोड १५ लाख आठ हजार डलरको प्रस्ताव पेस गरेका छन् । यसैगरी, चीनको छिङदाओ हुइचिन्तोङ पावर इक्विपमेन्ट कम्पनीले नौ करोड ५८ लाख ५९ हजार डलर, टर्कीको सारा इनर्जी इन्साट टिकेर एन्ड सारा टेक्नोलोजी जेभीले १४ करोड ९८ लाख १८ हजार डलर र भारतको ट्रान्सेल लाइटिङले १२ करोड १९ लाख ६९ हजार डलरमा काम गर्ने गरी प्रस्ताव पेस गरेको छ । सबैभन्दा कम वित्तीय प्रस्ताव गर्ने चिनियाँ कम्पनी छिङदाओ हुइचिन्तोङ पावर इक्विपमेन्टको प्राविधिक पक्ष पनि बलियो भएमा छनोटमा पर्ने देखिन्छ ।

लट-२ मा पाँच प्रस्ताव, न्यूनतम वित्तीय प्रस्ताव भारतीय कम्पनीको

लट-२ को ९० किमि लामो रातमाटे-न्यु दमौलीमा पाँच कम्पनीको प्रस्ताव आएको छ । त्यसमा टर्कीको सारा इनर्जी इन्साट टिकेर एन्ड सारा टेक्नोलोजीले ११ करोड ५२ लाख ८७ हजार डलरमा काम गर्ने गरी प्रस्ताव पेस गरेका छ । अन्य चार कम्पनी भारतका छन् । ट्रान्सरेल लाइटिङले १० करोड ७३ लाख ३८ हजार डलर, आरएसआइपिएल-एचजिपिटीले आठ करोड ३१ लाख ३२ हजार डलर र एन्जेलिक-स्किपर जेभीले सात करोड ८५ लाख ८० हजार डलरमा काम गर्ने गरी प्रस्ताव पेस गरेका छन् । भारतको केइसी इन्टरनेसनलले यसमा पनि वित्तीय प्रस्ताववबै टेन्डर पेस गरेको छ । त्यसमा आरएसआइपिएल-एचजिपिटीले १.५ प्रतिशत र एन्जेलिक-स्किपर जेभीले ११ लाख डलर छुट दिने प्रस्ताव पनि गरेका छन् । तथ्यांकअनुसार सबैभन्दा कम वित्तीय प्रस्ताव एन्जेलिक-स्किपर जेभीको छुटपछि सात करोड ७४ लाख ८० हजार डलरमा काम गर्ने प्रस्ताव छ ।

लट-३ मा चार प्रस्ताव, न्यूनतम वित्तीय प्रस्ताव नेपाली कम्पनीको

